# कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास

शोधार्थी

पवित्रा कुमारी पोखरेल

क्याम्पस क्रमाङ्क : ५०

परीक्षा क्रमाङ्क : ३७९००२७

त्रि.वि. दर्ता नं : ६-१-२१६-११०-९८

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति प्रस्तुत शोधपत्र

त्रिभुवन विश्व विद्यालय

शिक्षाशास्त्र सङ्काय

जनज्योति बहुमुखी क्याम्पस

लालबन्दी, सर्लाही

सन् २०१४

**त्रिभुवन विश्व विद्यालय**

**जन ज्योति बहुमुखी क्याम्पस**

**नेपाली शिक्षा विभाग**

पत्र सङ्ख्या :-
चलानी नं. :-

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत जनज्योति बहुमुखी क्याम्पस, लालबन्दीकी एम.एड. दोस्रो वर्षकी छात्रा पवित्रा कुमारी पोखरेलले *कक्षा नौंको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली शिक्षामा स्नातकोत्तर उपाधि प्राप्त गर्नका लागि मेरो निर्देशनमा तयार पार्नु भएको हो । शोधार्थीका रूपमा पवित्रा कुमारी पोखरेलले गर्नु भएको मिहिनेतको प्रंशसा गर्दै यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

.................................

उपप्रा. विप्रहरि दाहाल

शोध निर्देशक

सन् ०१४।.....।....

## स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत जनज्योति क्याम्पस, लालबन्दीमा नेपाली शिक्षा विभागमा अध्ययनरत शोधार्थी पवित्रा कुमारी पोखरेलले स्नातकोत्तर तह दोस्रो वर्षको पाँचौँ पत्र ( नेपाशि.५९८) को प्रयोजनका निम्ति तयार पार्नु भएको *कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास* शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

.......................................

उपप्रा.विप्रहरि दाहाल

(शोध निर्देशक)

.......................................

उपप्रा.डा. दुर्गा प्रसाद दाहाल

(बाह्य परीक्षक)

.......................................

(विभागीय प्रमुख)

सन् २०१४।....।....

## प्रतिबद्धता

यस शोध कार्यमा कसैका सामग्री अनाधिकृत रुपमा प्रयोग गरिएको छैन । प्रस्तुत शोधपत्र अन्य कुनै पनि उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यस्तो गरिएको पाइएमा नियम अनुसार गरिने जुनसुकै किसिमको प्रक्रिया मेरा लागि मान्य हुने प्रतिबद्धता जाहेर गर्दछु ।

.........................

पवित्रा कुमारी पोखरेल

शोधार्थी

सन् २०१४।....।....

# शोधसार

*कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास* शीर्षकको यस अध्ययनका उद्देश्यहरू कक्षा नौको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यासको वर्गीकरण गर्नु र उद्देश्य र सिपगत दृष्टिले विश्लेषण गर्नु रहेका छन् । यिनै उद्देश्य प्राप्तिका लागि प्रश्नगत, सिपगत आधारमा, अभ्यासको वर्गीकरण गरी अध्ययन गरिएको छ । अध्ययनका क्रममा पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरण र सिपगत वितरणको आधारलाई तालिका र वृत्तचित्रमा देखाइ स्पष्ट पार्नुका साथै ब्याख्या र विश्लेषण गरिएको छ । उक्त विश्लेषणबाट अभ्यासका राम्रा र नराम्रा दुवै पक्षको उजागर गरिएको छ ।

प्रस्तुत शोधपत्र मूल रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिमा आधारित रहेको छ । यसमा पुस्तकालयीय विधिको प्रयोग गरिएको हुनाले मुख्य सामग्रीका रूपमा कक्षा नौको पाठ्यपुस्तक, पाठ्यक्रम र शिक्षक निर्देशिकालाई लिइएको छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यासहरूमा के कस्ता प्रश्नहरू समावेश गरिएका छन्, कस्ता कस्ता प्रश्नहरू के कति प्रतिशत समावेश गरिएका छन् र ती अभ्यासहरूको वर्गीकरण गर्ने र तिनमा भएका कमी कमजोरीहरूप्रति सुझाव पेश गर्ने उद्देश्य अनुरूप शोधपत्र अघि बढेको छ ।

क) कक्षा नौको नेपाली पाठ्य पुस्तकमा बहु वैकल्पिक प्रश्न समावेश गरिएको छ । तल दिइएका मध्ये नमिल्नेमा रेजा (√) लगाउनुहोस् भनिएको छ । तर प्रश्न निर्माण गर्ने आधारमा भने 'स्टेम मान्यता नकारात्मक हुनुहुन्न' भनिएको छ । यी प्रश्नहरू विद्धार्थीहरूको स्तरभन्दा अति नै सजिलो भएको पाइन्छ ।

ख) खाली ठाउँ भर्ने प्रश्नमा बीचमा नै खाली ठाउँ राखिएको छ र खाली ठाउँमा भर्ने ठीक उत्तर पछाडि कोष्ठकमा दिइएको छ । यसरी खाली ठाउँ भर्ने प्रश्न दुई तरिकाले राखिएको छ । प्रश्न निर्माण गर्ने आधारमा पछाडि कोष्ठकमा उत्तर दिनु पर्ने कुरा उल्लेख छैन तर पाठ्य पुस्तकमा भने विकल्प उत्तर पछाडि कोष्ठकमा दिएर विद्यार्थीहरूलाई सजिलो बनाइदिएको देखिन्छ ।

ग) ठिक बेठिक छुट्याउने आधारहरू धेरै उल्लेख गरिएको छ तर कक्षा नौको नेपाली पाठ्य पुस्तकमा ठिक बेठिक छुट्याउने प्रश्नहरू समावेश भएको पाइँदैन ।

घ)	जोडा मिलाउने प्रश्न निर्माणका आधारमा 'प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु पर्दछ' भनिएको छ । तर कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा उद्दीपदक र प्रतिक्रिया स्तम्भमा बराबरी पदहरू राखिएको पाइन्छ । अन्य भने प्रश्न निर्माणका आधारमा नै भएको
पाइन्छ ।

ङ)	निबन्धात्मक प्रश्न निर्माण गर्ने आधार र स्वरूप अन्तर्गत वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने, स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने र वर्गीकरण गर्ने, सङ्क्षेपमा लेख्ने, दृष्टान्त दिने, पुष्टि गर्ने र मूल्याङ्कन गर्ने प्रश्न समावेश हुनुपर्ने कुरा उल्लेख गरिएको छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने, स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने, सङ्क्षेपमा लेख्ने र पुष्टि गर्ने खालका प्रश्नहरू समावेश गरिएका छन् भने वर्गीकरण गर्ने, दृष्टान्त दिने र मूल्याङ्कन गर्ने प्रश्न पाठ्य पुस्तकमा समावेश भएको
देखिँदैन ।

च)	संक्षिप्त प्रश्न निर्माण गर्ने आधार र स्वरूप अन्तर्गत कारण दिने, परिभाषा दिने, उदाहरण दिने, फरक देखाउन, सामान्य स्मृति, टिप्पणी देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने, को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने प्रकृतिका प्रश्नहरू समावेश गर्नु पर्ने कुरा उल्लेख छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा उदाहरण दिने, फरक देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने र को, के, कसरी, कहिले, कहाँ, आदिको उत्तर दिने खालका प्रश्नहरू समावेश छन् भने परिभाषा दिने, सामान्य स्मृति, टिप्पणी देखाउने खालका प्रश्नहरू समावेश गरिएको पाइँदैन ।

छ)	पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरणलाई हेर्दा जम्मा १०१२ ओटा प्रश्नहरू रहेको पाइन्छ । त्यसमध्ये सङ्क्षिप्त उत्तरात्मक प्रश्न १६१ (१५.९१%) ओटा, निबन्धात्मक प्रश्न ६६
(६.५२%) ओटा, व्याकरणात्मक अभ्यास २४६ (२४.३१%) ओटा, वाक्यमा प्रयोग गर्ने १३९
(१३.७४%) ओटा, शुद्ध उच्चारण गर्ने १३३ (१३.१४%) ओटा, अर्थ भन्ने प्रश्न १२२ (१२.०६%) ओटा, मौखिक रूपमा उत्तर दिने प्रश्न ४५ (४.४५%) ओटा, जोडा मिलाउने प्रश्न २६ (२.५७%) ओटा, खाली ठाउँ भर्ने प्रश्न ३० (२.९६%) ओटा, सिर्जनात्मक अभ्यासका लागि २१ (२.०८%) ओटा, सच्याएर सार्ने प्रश्न ८ (०.२०%) ओटा, सस्वर वाचन गर्ने प्रश्न ४ (०.४०%) ओटा, वाचन गर्ने प्रश्न ४ (०.४०%) ओटा, बहु वैकल्पिक प्रश्न ३ (०.३०%) ओटा, सङ्क्षेपीकरण गर्ने प्रश्न २

# कृतज्ञता ज्ञापन

त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गतको स्नातकोत्तर तह द्वितीय वर्षको (नेपा.शि. ५९८) पाठ्याशंको प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा शोधकार्यको शीर्षक चयन, सामग्री निर्माण आदिको क्रममा अन्योलग्रस्त परिस्थितिमा समेत आवश्यक पथप्रदर्शन तथा बहुमूल्य सल्लाह र सुझाव प्रदान गर्नु हुने शोध प्रस्तावक प्रा.डा. पारस मणी भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । साथै व्यक्तिगत अनेकौं ब्यस्तताका बाबजुद आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि अन्त्यसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन दिँदै यस चुनौतिपूर्ण कार्यलाई सम्पन्न गर्न रचनात्मक भूमिका निर्वाह गर्दे स्नेह पूर्वक मन, वचन र व्यवहारले सहयोग गर्नु हुने आदरणिय शोध निर्देशक गुरु उपप्राध्यापक श्री विप्रहरि दाहालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी शोधपत्र तयार गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव तथा मार्गदर्शन प्रदान गर्नु हुने श्रद्धेय गुरुहरू उपप्राध्यापक श्री सोमनाथ उपाध्यायज्यू र उपप्राध्यापक श्री प्रकाश पाण्डेज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध कार्यलाई वातावरणमा उतार्नका लागि आवश्यक श्रम, समय उपलब्ध गराई विभिन्न किसिमका शैक्षिक सामग्री उपलब्ध गराउँदै आरम्भदेखि हालसम्म निरन्तर सहयोग गर्ने श्रीमान् श्री लक्ष्मी प्रसाद कोइरालाज्यूप्रति हार्दिक आभार सहित स्मरण गर्न चाहन्छु । शोधपत्र लेखनको यस अवस्थासम्म ल्याई पुऱ्याउन अध्ययनको निम्ति जग बसाई दिने र मेरो अध्ययन सफल पार्न बाल्यकालदेखि आजसम्म सदासर्वदा अथक परिश्रम र सहयोग प्रदान गर्दै आउनु भएका आदरणीय पिता श्री टंकनाथ पोखरेलज्यू र माता श्रीमती हरिमाया पोखरेलज्यूप्रति श्रद्धा व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी यस शोधपत्रको लेखनको यात्रामा सहयोग गर्नु हुने आदरणीय ससुरा श्री धराणीधर कोइरालाज्यू, सासू श्रीमती पून्यवती कोइरालाज्यू, काकी श्रीमती भागिरथा पोखरेलज्यू, दाजुहरू भेषराज, छविलाल, टिकाराम पाखरेल, दिदी लोकमाया, बहिनी निर्मला, समीक्षा, भाइहरू सोमराज, सरगम र सागरप्रति आभारी छु । शोधपत्रको निर्माणको निम्ति कम्प्युटर टाइप र सेटिङ गरिदिने मन्दिरा कम्प्युटर टाईपिङ, नयाँबजार कीर्तिपुरकी मन्दिरा महर्जनलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधपत्रका सकारात्मक पक्ष मेरा गुरुवर्गबाट प्राप्त ज्ञान र प्रेरणाका उपज हुन् । यस शोधपत्रमा हाल प्रचलित उ.मा.शि.प. द्वारा प्रकाशित सबैको नेपालीमा प्रयोग भएको वर्णविन्यास प्रयोग भए पनि पाठ्य पुस्तकको अभ्यास उद्धरण गर्दा हुबहु प्रयोग गरिएको छ । यसमा भएका त्रुटि तथा कमजोरीहरू मेरा आफ्नै हुन् भन्ने कुरा

विनम्रताका साथ स्वीकार गर्दछु । अन्त्यमा यस कार्यमा सहयोग गर्नु हुने विद्यालय र क्याम्पस तहका गुरुहरू र गुरुआमाहरू, अभिभावक, मित्रजन शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु ।

---

पबित्रा कुमारी पोखरेल
शोधार्थी
स्नातकोत्तर तह द्वितीय वर्ष
परीक्षा क्रमाङ्क : ३७९००२७

मिति : २०१४ ।  ।

# विषयसूची


| | |
|---|---|
| शोध निर्देशकको सिफारिस पत्र | क |
| स्वीकृति-पत्र | ख |
| प्रतिबद्धता | ग |
| शोधसार | घ |
| कृतज्ञता ज्ञापन | छ |
| संक्षिप्त शब्दसूची | झ |
| लेख्य सङ्केत सूची | ञ |

**अध्यायः एक**

| | |
|---|---|
| शोध परिचय | १ |
| विषय प्रवेश | १ |
| समस्या कथन | १ |
| अध्ययनका उद्देश्यहरु | २ |
| अध्ययनको औचित्य/महत्त्व | २ |
| शोधको सीमा | २ |
| शोधको रूपरेखा | ३ |

**अध्यायः दुई**

| | |
|---|---|
| पूर्वकार्यको समीक्षा | ४ |
| अभ्यासको अध्ययनको सैद्धान्तिक आधार | ८ |
| भाषा पाठ्यपुस्तकमा अभ्यासको आवश्यकता र महत्व | १० |

**अध्याय : तिन**

| | |
|---|---|
| अध्ययन विधि तथा अभ्यास अध्ययन ढाँचा | १३ |
| जनसङ्ख्या र नमुना छनोट | १३ |

अभ्यास अध्ययनका आधारहरु १३

प्रश्नका स्वरुपको आधार १३


ट


अभ्यासका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तक २९

प्रश्नका स्वरुपका आधारमा अभ्यास २९

पाठ्यक्रम अनुरुपताका आधारमा अभ्यासको विश्लेषण ३७

सुनाइ र बोलाइ ३७

पढाइ ४०

लेखाइ ४२


**अध्याय : पाँच**


उपसंहार ४९

निष्कर्ष ४९

सुझावहरु ५१

भावी अनुसन्धान ५३

सन्दर्भ ग्रन्थ सूची ५४

व्यक्तिगत विवरण ५७

## तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरण | ३० |

## सङ्क्षिप्त शब्दसूची

| सङ्क्षिप्त शब्द | पूर्ण रूप |
|---|---|
| अनु. | अनुवाद |
| उप-प्रा. | उप प्राध्यापक |
| एम.एड. | शिक्षामा स्नातकोतर |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| काठ. | काठमाडौँ |
| का. | कारागार |
| क्र.स. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान) |
| पृ . | पृष्ठ |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| प्रका. | प्रकाशक |
| वि.स. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादित |
| सन् | इस्वी सम्वत् |
| संस्क. | संस्करण |
| सा.प्र. | साझा प्रकाशन |

## लेख्य सङ्केत सूची

| लेख्य सङ्केत | अर्थ |
|---|---|
| – | अल्प निर्देशक/योजक |
| () | गौण सङ्केत |
| : | निर्देश/विसर्ग |
| .... | बहु विन्दु/रिक्त स्थान |
| / | विकल्प, विभाजक |
| ○ | सङ्क्षेपीकृत चिह्न |

अध्याय : एक

# शोध परिचय

## विषय प्रवेश

भाषा पाठ्य पुस्तक पाठ्यक्रमका आधारमा तयार गरिने पठन पाठनको मुख्य सामग्री हो । पाठ्यक्रमले तोकेका उद्देश्यहरू परिपूर्ति गर्ने किसिमले पाठ्य पुस्तक तयारी पारिएको हुन्छ । पाठ्य पुस्तक भनेको कुनै निश्चित तह र स्तरका विद्धार्थीहरूका लागि पठन पाठन गराउन तयार गरिएको सामग्री हो । यो शिक्षण सिकाइको भरपर्दो, विश्वसनीय र आधिकारिक सामग्री हो । भाषा पाठ्य पुस्तकमा विविध प्रकृतिका अभ्यासहरू हुन्छन् । जस्तैः निवन्धात्मक प्रश्न छोटो, उत्तरात्मक प्रश्न, जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, ठिक बेठिक छुट्याउने प्रश्न, व्याकरणात्मक अभ्यास, आदि । यस्ता खालका प्रश्नहरूले विद्धार्थीहरूको सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सिपको विकास हुन्छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी, सर्लाही, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको नेपाली शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत शोधपत्रको शीर्षक *कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास* रहेको छ ।

## समस्या कथन

पाठ्य पुस्तकमा रहेका अभ्यासले शिक्षक र विद्धार्थीको शैक्षणिक कार्यक्रमलाई अर्थपूर्ण बनाउँदै सिकाइको गहिराइ र बौद्धिकस्तर बृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यस कारण पाठ्य पुस्तकमा अभ्यासलाई महत्वपूर्ण स्तम्भका रूपमा राखिएको पाइन्छ । लगातार अभ्यास र पुनरावृत्तिले भाषाका पद संरचना र शब्दको ज्ञान हासिल गर्न सकिन्छ । अभ्यासकै सहायताबाट शिक्षकलाई अब कता जाने भन्ने दिशा निर्देश गर्न सहज हुन्छ । यस प्रकार सिकाइलाई दिशा निर्देश गर्न अभ्यासको विषयमा अध्ययन गर्नु एक चुनौतिपूर्ण कार्य हुन जान्छ । यसै सन्दर्भमा यस अध्ययनसँग सम्बद्ध समस्याहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) कक्षा नौको नेपाली पाठ्य पुस्तकमा के कस्ता स्वरूपका प्रश्न छन् ?

ख) विशिष्ट उद्देश्यका आधारमा कक्षा नौको नेपाली पाठ्य पुस्तक के कस्तो छ ?

ग) उद्देश्य र सिपगत दृष्टिले प्रश्नहरू उपयुक्त छन् ?

## अध्ययनको उद्देश्य

शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :

क) प्रश्नको स्वरूपको आधारमा कक्षा नौको नेपाली पाठ्य पुस्तकको अभ्यासको वर्गीकरण गर्नु,

ख) विशिष्ट उद्देश्यका दृष्टिले कक्षा नौ को नेपाली पाठ्य पुस्तकको विश्लेषण गर्नु,

## अध्ययनको औचित्य / महÏव

यस शोधको अध्ययनबाट आगामि दिनमा कक्षा नौको नेपाली भाषाको पाठ्य पुस्तक संशोधन गर्न सहयोग पुग्दछ । भाषा पाठ्य पुस्तकको संशोधन गर्दा विद्धार्थीको स्तर, क्षमता अनुसार जीवनोपयोगी र ज्ञान हासिल गराउने हुनु पर्दछ ।

कक्षा नौको नेपाली भाषाको मूल्याङ्कन गर्नका लागि प्रश्न निर्माणमा यो शोध उपयुक्त मानिन्छ । मूल्याङ्कनका लागि प्रश्न निर्माण गर्दा विद्धार्थीको स्तर, क्षमता र बौद्धिकताका आधारमा गर्नु पर्ने देखिन्छ ।

कक्षा नौको नेपाली शिक्षकले शिक्षण गर्दा सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर, मूर्तबाट अमूर्ततिर लैजानका निम्ति पनि यो शोध कार्यले मार्ग दर्शन प्रदान गर्ने आशा गर्न सकिन्छ । आगामी दिनमा नेपाली भाषाको पाठ्य पुस्तकको अभ्यासको अनुसन्धानकर्ताका लागि पनि केही मात्रामा सहयोग हुने भएकोले यो अध्ययन अति नै महत्वपूर्ण र औचित्यपूर्ण मानिएको छ ।

## शोधको सीमा

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) यस अध्ययनलाई माध्यमिक तहको कक्षा नौको नेपाली किताब २०६४ को परिमार्जित संस्करणको अभ्यासमा सीमित गरिएको छ ।

ख) अभ्यासहरूको विश्लेषण पाठ्य पुस्तकमा आधारित भई सैद्धान्तिक र वर्णनात्मक रूपमा गरिएको छ ।

## शोधको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्व कार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि तथा अभ्यास अध्ययन ढाँचा

अध्याय चार : अभ्यासका आधारमा कक्षा नौको नेपाली पाठ्य पुस्तक

अध्याय पाँच : उपसंहार

# अध्याय : दुई

## पूर्व कार्यको समीक्षा

कुनै पनि विषयको अध्ययन र अनुसन्धानले ज्ञानको क्षेत्रलाई फराकिलो बनाउने क्रममा प्रमुख भूमिका निर्वाह गर्ने अध्ययन र अनुसन्धान नै हो । नेपाली भाषाका पाठ्यक्रम, पाठ्य पुस्तक र ती पाठ्य पुस्तकमा समावेश भएका अभ्यासहरूको अध्ययनलाई अनुसन्धानको महत्वपूर्ण क्षेत्रको रूपमा स्वीकार गरिएको छ । त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रको आयोजनामा हेमाङ्ग राज अधिकारी र यज्ञराज पन्तद्वारा गरिएको अनुसन्धान (२०४४) शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरूको अनुसन्धानात्मक अध्ययनमा नेपाली भाषाका प्रा.वि., मा.वि. तहका भाषा पाठ्य पुस्तकमा अभ्यासको व्यवस्था गरिएको छ । उक्त अध्ययनमा पाठ्य पुस्तकमा दिइने अभ्यासको अपेक्षित उद्देश्यहरू पूर्ति गर्नेतर्फ विशेष ध्यान दिनुका साथै अभ्यास लेखन र मूल्याङ्कनमा प्रश्नहरूको लेखन एउटै ढङ्गले दिइनु हुँदैन भन्ने कुरा उल्लेख गरिएको छ ।

(क) कृष्ण प्रसाद रूवाली (२०५५-०५७) को *कक्षा सातको हाम्रो नेपाली किताबमा समावेश गरिएका अभ्यासहरूको अध्ययन* शीर्षकको शोधकार्य रहेको छ । उक्त शोधका उद्देश्यहरू नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित नि.मा.वि. तहको कक्षा सात को नेपाली बिषयमा दिइएका नमुना अभ्यासहरूका सबल र दुर्बल पक्षको पहिचान गर्नु, विद्यार्थीको उमेर र क्षमताको दृष्टिले उक्त नमुना अभ्यासको विश्लेषण गर्नु र हाम्रो नेपाली किताबमा भएका शब्दार्थ, भाषातत्व र सिर्जनात्मक अभ्यासका सम्बन्धमा विश्लेषण गर्नु रहेको छ । सो क्षेत्रमा देखिएका कमजोरीहरू सुधारका लागि सुझाव पेश गर्ने, उपर्युक्त उद्देश्यहरू रहेको उक्त शोधमा प्रश्नहरूको निर्माण ब्यवहारिक सन्तुलन नपाइएको, सम्बन्धित विधाका प्रश्नमा सङ्ख्यात्मक अनुपात नमिलेको, स्तर अनुसार कक्षामा वर्ण विन्यासका उदाहरण र अभ्यास अधुरो रहेको, छपाइ र शुद्धिमा राम्रो शुद्धता नपाइएको निष्कर्ष देखाइएको छ । साथै सुधारका लागि सुझाव समेत पेश गरिएको छ ।

(ख) इन्दिरा ज्ञवाली (खनाल) (२०५८) द्वारा *कक्षा ५ को मेरो नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन* शीर्षकको शोध गरिएको छ । उक्त शोधमा प्राथमिक तहका नेपाल सरकारद्वारा निर्धारित वर्तमान कक्षा ५ को मेरो पाठ्य पुस्तकमा दिइएका अभ्यासहरूको विश्लेषण गर्ने, उक्त पाठ्य पुस्तकमा दिइएका अभ्यासको विश्लेषण गर्ने, उक्त पाठ्य पुस्तकमा दिइएका सबल र दुर्बल पक्षको पहिचान गर्ने र अभ्यासमा भएका कमीकमजोरीहरू पहिल्याइ निष्कर्ष र सुझाव दिने मूल उद्देश्यमा प्रस्तुत शोध केन्द्रित रहेको

पाइन्छ । प्रस्तुत शोधपत्रको निष्कर्ष अभ्यासमा प्रयुक्त शब्दको अर्थ व्यवहारिक र प्रयोगात्मक नभएको, केही अप्रचलित शब्दहरू अप्रचलित र तत्समसमुखी हुनाले स्तरअनुकूल नदेखिएको र अभ्यासमा प्रयुक्त प्रश्नहरू ज्यादै सङ्क्षिप्त खालका भएकाले अभिव्यक्ति कौशलको विकासमा उपयुक्त नदेखिएको र बोधसँग सम्बन्धित प्रश्नहरू कम भएकाले बोध र अभिव्यक्तिको विकासमा उचित टेवा पुग्ने देखिँदैन, नमुना अभ्यासका प्रश्नहरूमा विविधता नभएको, व्याकरणात्मक अभ्यासहरूमा उदाहरणहरूको कमी भएको, नमुना अभ्यासहरूको वितरण समानुपातिक रूपले नगरिएको, पाठ्यक्रममा तोकिएका पाठ्यक्षेत्रहरूमध्ये खेलकुद, हँस्यौली, चुडकिला, गाउँखाने कथाको उचित प्रतिनिधित्व हुन नसकेको देखिन्छ ।

(ग) गोमा पाण्डे (२०६०) को *कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन* रहेको छ । प्रस्तुत शोधका उद्देश्यहरू विविध दृष्टिले कक्षा सातको नेपाली भाषा पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको विवेचना गर्ने, वर्गीकरण र विश्लेषण गर्ने, पाठ्यक्रम अनुरूपताको स्थिति केलाउने र प्राप्त तथ्यका आधारमा थप सुधारका लागि सुझाव दिने रहेका छन् । विभिन्न भाषिक सिपको विकासका लागि दिइएका अभ्यासहरू मध्ये सुनाइ र बोलाइ सिप अन्तर्गत ध्वनिहरूको पहिचान र सोही अनुरूपको उच्चारण, शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण जस्ता अभ्यासहरू समावेश भएका छन् । त्यस्तै पढाइ सिप अन्तर्गत गति, यति तथा आरोह, अवरोह, मिलाई स्पष्टसँग सस्वरवाचन गर्न सक्ने अभ्यासहरू रहनु, लेखाइ सिपअन्तर्गत बुँदाटिपोट गर्ने, आशय बताउने, भावस्पष्ट पार्ने र सारांश लेख्ने जस्ता अभ्यास रहनु, श्रुति लेखन, सारांश लेखन र बोध प्रश्नोत्तर लेखनलाई विशेष प्राथमिकता दिइएको पाइनु शोधको निष्कर्ष रहेको छ ।

(घ) पार्वती अर्याल (२०५९) को *कक्षा नौको नेपाली भाषा पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* रहेको छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्य पुस्तकमा दिइएका नमुना अभ्यासहरूका सबल र दुर्बल पक्षको पहिचान गर्ने, उक्त पाठ्य पुस्तकमा दिइएका नमुना अभ्यासहरूको वर्गीकरण गर्ने र नमुना अभ्यासको सुधारका लागि सुझाव तयार गर्ने रहेका छन् । त्यसैगरी प्रस्तुत शोधकार्यको निष्कर्षका रूपमा बोधात्मक प्रश्नहरूको सन्तुलन नमिलेको, सिर्जनात्मक प्रश्नहरूको सङ्ख्या न्यून रहेको, अभिव्यक्ति सिपको विकास हुने प्रश्न सङ्ख्या कम रहेको र भाषिक सिपमा अपेक्षित उद्देश्य पुरा गर्ने प्रश्नहरूको सङ्ख्या र विस्तारलाई समायोजन गर्नुपर्ने रहेको छ ।

(ङ) भरत कुमार बस्नेत (२०६०) को *कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* रहेको छ । कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु, उक्त पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासमा देखिएका कमजोरीहरूको सुधारका लागि सुझाव प्रस्तुत गर्नु

जस्ता उद्देश्यहरू यसमा रहेका छन् । यसैगरी यस शोधकार्यको निष्कर्ष कक्षा ६ को नेपाली भाषा पाठ्य पुस्तकभित्र समावेश भएका नमुना अभ्यासहरूको सन्तुलन नभएको, सुनाइ र बोलाइ सिप विकास गर्नुपर्ने कथा विधामा सो सिपलाई उपेक्षा गरिएको, प्रबन्ध विधाले बालकको सिर्जनात्मक क्षमताको विकास गराउनु पर्नेमा कुनै पनि विधामा प्रबन्ध लेख्ने बानीको अभ्यास नगराइएको र भाषाका चार सिपमध्ये ५९.७८ प्रतिशत लेखाइ सिपमा आधारित प्रश्नहरू समावेश गरिँदा भाषाका अन्य सिप ओझेलमा परेको देखिनु रहेका छन् ।

(च) उपेन्द्र प्रसाद पौडेल (२०६२) को *कक्षा ४ को मेरो नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरूको अध्ययन* रहेको छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा ४ को नेपाली भाषा पाठ्य पुस्तकमा समावेश भएका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षको पहिचान गर्ने, उक्त पुस्तकमा दिइएका नमुना अभ्यासको वर्गीकरण गर्ने, नमुना अभ्यासको सुधारका लागि सुझाव पेश गर्ने रहेको छ । सिर्जनात्मक अभ्यासको कमी, पाठ्यक्रमले तोकेका व्याकरणका क्षेत्रहरू समेट्न नसकेको, शब्द चयनमा असावधानी, लेखन विधिसँग सम्बन्धित अभ्यासको कमी आदि यसका निष्कर्ष रहेका छन् ।

(छ) मन्जु आचार्य (२०६६) ले *कक्षा १ को मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको अध्ययन* शोधकार्य गरेको पाइन्छ । प्रस्तुत शोधमा नमुना अभ्यासहरूको वर्गीकरण गर्ने विभिन्न आधारमा नमुना अभ्यासहरूको विश्लेषण गर्ने, पाठ्य पुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षको पहिचान गर्ने, सुधारका लागि सुझाव पेश गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । नमुना अभ्यासहरूमा विविध खालका प्रश्नहरू समावेश गरिनु तर विषयगत र बस्तुगत प्रश्नहरू सन्तुलित रूपमा नगरिनु, विधागत अभ्यासहरूको वितरण उपयुक्त नै देखिनु, अभ्यासहरूमा प्रयोगात्मक पक्षले बढता महत्व पाएको देखिन्छ भने पहिचानात्मक पक्षले कम महत्व पाएको देखिनु, भाषिक सिप सिकाउने अभ्यासको वितरण उपयुक्त नदेखिनु यसको निष्कर्ष रहेको छ ।

(ज) प्रमोद अधिकारी (२०६७) को *कक्षा दशको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* शीर्षकको शोध रहेको छ । प्रस्तुत शोधको उद्देश्यहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको पहिचान गर्नु, विधा अनुरूपताका आधारमा उक्त पाठ्य पुस्तकमा दिइएका नमुना अभ्यासको वर्गीकरण गर्नु र भाषिक सिप विकासका दृष्टिले नमुना अभ्यासको स्थिति केलाउनु रहेका छन् । त्यसैगरी प्रस्तुत शोधको निष्कर्षका रूपमा विधागत र भाषिक सिपका आधारमा समुचित रूपमा छनोट भएको पाइनु, बिषयगत, वस्तुगत र अन्य प्रकृतिका प्रश्नहरूको समावेश गरेको पाइन्छ । शब्द भण्डारसँग सम्बन्धित अभ्यासहरूको निर्माणको क्रममा पर्यायवाची शब्द,

अनुकरणात्मक शब्द, विपरीतार्थी शब्द, परिभाषित शब्द, श्रुतिसमभिन्नार्थक शब्द सम्बन्धी अभ्यासहरू समावेश गरेको पाइन्छ तर अनेकार्थी सम्बन्धित अभ्यासहरू समावेश गरेको पाइँदैन । सिपसँग सम्बन्धित नमुना अभ्यासहरूलाई समेटेको पाइनु रहेका छन् ।

(झ) खड्ग बहादुर राउत (२०६७) ले *कक्षा नौको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण* शोधकार्य गरेको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यहरू कक्षा नौको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको वर्गीकरण गर्नु, उक्त किताबमा समावेश गरिएको नमुना अभ्यासको विश्लेषण गर्नु, अभ्यासमा भएका सबल र दुर्बल पक्षको पहिचान गर्नु र अभ्यास खण्डको सुधारका लागि सुझाव पेश गर्नु रहेका छन् । प्रस्तुत शोधपत्रको निष्कर्ष पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डमा सुनाइ सिपसँग सम्बन्धित प्रश्नहरूमा कमी देखिन्छ । लेखाइ सिपको अनुपातमा पढाइ सिप सम्बन्धी प्रश्नहरू अत्यन्तै कम राखिनु पाठ्य पुस्तकको दुर्बल पक्ष ठानिएको छ । पाठ्य पुस्तकभित्रका सबै पाठमा सङ्क्षिप्त उत्तर आउने प्रश्न प्रर्याप्त छन् तर विवेचनात्मक उत्तर आउने प्रश्न कम देखिन्छ । व्याकरण खण्डमा वर्णानुक्रम अनुसार शब्द राख्नुहोस् भनिएको छ तर उदाहरण कतै पाइँदैन आदि रहेका छन् ।

प्रस्तुत खड्ग बहादुर राउत (२०६७) ले कक्षा ९ को नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण भन्दा मेरो शोध कार्य धेरै कुरामा फरक रहेको छ । किनभने खड्ग बहादुरको शोधकार्यमा तालिका एकै ठाउँमा दिइएको छैन । प्रत्येक पाठको नमुना अभ्यासको विश्लेषण एक एक वटा पाठ गर्दै गरिएको छ । मेरोमा एकै ठाउँमा तालिकामा राखेर वर्णन गरिएको छ । त्यसैगरी उसमा वृत्तचित्रमा राखिएको छैन । यसमा स्पष्टरूपमा एक ठाउँमा हेर्ने वित्तिकै बुझ्ने गरी वृत्तचित्रमा अभ्यासहरूको प्रतिशतलाई राखिएको छ । यिनै कारणले यी दुइ शोधकार्य फरक रहेका छन् ।

## अभ्यासको  अध्ययनको सैद्धान्तिक आधार

अभ्यास शब्द अभि+आ+अस्+अ (घञ्) मिलेर बनेको देखिन्छ जसको शाब्दिक अर्थ मिहिनेत वा पुनरावृत्ति भन्ने बुझिन्छ । कुनै पनि कार्य गर्नको लागि अभ्यास वा पुनरावृत्तिको आवश्यकता पर्दछ । जति बढी अभ्यास गऱ्यो त्यति नै बढी सिपमा निखारता आउँछ । भाषा सिकाइमा निरन्तरता तथा गुणात्मकता प्राप्त गर्नका लागि त अभ्यास वा पुनरावृत्तिलाई ज्यादै महत्वपूर्ण एवम् प्रभावकारी साधनका रूपमा लिन सकिन्छ । हरेक भाषालाई व्यवस्थित र सूत्रबद्ध गर्नका लागि सोही अनुकूल व्याकरणको व्यवस्था गरिएको हुन्छ, जसले भाषाको संरचनागत ज्ञान हासिल गर्नका लागि मद्दत पुऱ्याउँछ । यसका साथै सैद्धान्तिक ज्ञान प्राप्त गर्न र सो सम्बन्धी अवधारणा निर्माण गर्न व्याकरणको अध्ययनले मद्दत गर्दछ तर यसले भाषिक

सिप आर्जन गर्न र भाषाको प्रयोग क्षमता विस्तार गर्न त्यति भरपर्दो सहयोग प्राप्त गर्दैन । यसरी हेर्दा भाषिक सिप तथा प्रयोग क्षमता हासिल गर्नको लागि अभ्यास महत्त्वपूर्ण हुन्छ ।

भाषिक सिप आर्जनको मेरूदण्डको रूपमा स्वीकार गर्नुपर्ने अभ्यासले सिकारूको सिकाइलाई गुणात्मक उचाइमा पुऱ्याउन मद्दत गर्दछ । पाठ्यक्रमका लक्ष्य र उद्देश्य अनुरूप तयार पारिएका पाठ्य पुस्तकमा समाविष्ट विषय वस्तु के कति हदसम्म सिकारूले ग्रहण गर्न सके भन्ने कुरा थाहा पाउन त्यसै पाठ्य पुस्तकभित्र राखिएका अभ्यासको सहारा लिनुपर्ने हुन्छ । अभ्यासले शिक्षक र विद्यार्थी दुवैका लागि निर्देशनको काम गर्दछ । अत : भाषिक सिप सिकाइमा सकारात्मक भूमिका निर्वाह गर्नका लागि भाषा पाठ्य पुस्तकका प्रत्येक पाठको अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित अभ्यासलाई नै अभ्यास भनिन्छ ।

अभ्यासलाई चिनाउने क्रममा नेपाली बृहत् शब्दकोश (२०४०, पृ.६९) ले यसरी उल्लेख गरेको पाइन्छ "कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेत गर्नुलाई अभ्यास भनिन्छ ।" यस अर्थलाई केलाएर हेर्दा अभ्यासले सिकारूलाई सिक्ने क्रममा पटक पटक लागि रहने कुरामा जोड दिएको स्पष्ट हुन्छ ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६३, पृ.४५) का अनुसार अभि+आस मिलेर बनेको शब्द 'अभ्यास' ( विशेषण) तत्सम शब्द हो । जसले कुनै व्यवहार वा सिपलाई निरन्तर दोहोऱ्याएर सिक्ने काम, आवृत्ति वा पुनरावृत्तिलाई जनाउँछ । अर्थात् सिक्नका लागि पुनरावृत्ति गर्न दिइएको कार्यलाई नै अभ्यास भनिन्छ ( अधिकारी र भट्टराई २०६३, पृ.४५) ।

'नमुना' र 'अभ्यास' दुई शब्द मिलेर "अभ्यास" शब्द बनेको छ । जसमध्ये 'नमुना' शब्द 'आगन्तुक नाम' शब्द हो । नमुनाले आकार प्रकार, गुण आदिको पहिचान गर्न छानिएको कुनै वस्तु वा त्यसको केही अंशलाई बुझाउँछ । कुनै वस्तुको अनुकरण गरी तयार पारिएको नक्सा, ढाँचा, प्रकृति वा मोडेललाई पनि नमुना भन्न सकिन्छ । शिक्षणका सन्दर्भमा भने नमुना शब्दले उदाहरण, दृष्टान्त, अनुकरणीय रूप वा आदर्शलाई जनाउँदछ (अधिकारी र भट्टराई, २०६३, पृ. ५३५) ।

यसरी 'नमुना' र 'अभ्यास' शब्दलाई सँगसँगै प्रस्तुत गर्दा 'अभ्यास' भन्नाले भाषिक सिकाइमा सकारात्मक भूमिका निर्वाह गर्नका लागि भाषा पाठ्य पुस्तकका प्रत्येक पाठको अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित कार्यमूलक अभ्यास भन्ने बुझिन्छ । अर्को शब्दमा भन्नुपर्दा विद्यार्थीको सर्वाङ्गीण विकासका लागि उनीहरूकै रूचि, इच्छा र आवश्यकता बमोजिम छनोट र स्तरणको सिद्धान्त अनुरूप तयार पारी हरेक

पाठ वा पाठ्य पुस्तकको अन्त्यमा दिइने उदाहरण वा अनुकरणीय कार्यहरूको रूपलाई अभ्यास भनिन्छ । अभ्यासले सिकारूको सिकाइ क्षमतालाई परिमाणात्मक र गुणात्मक उचाइमा पुऱ्याउन सहयोगी भूमिका खेल्ने गर्दछ । सिकाइलाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनका लागि आवश्यक पर्ने पुनरावृत्तिको व्यवस्था अभ्यासले गरेको हुन्छ । भाषा तथा गणित जस्ता विषयको हकमा अभ्यासको भूमिका महत्वपूर्ण हुन्छ । किनकी यस्ता विषयहरूको सिकाइलाई प्रभावकारी र स्थायी बनाउनको लागि सैद्धान्तिक ज्ञान र शैक्षणिक सामग्रीहरूको प्रयोगभन्दा प्रचुर अभ्यासको नै जरूरत पर्दछ । तसर्थ भाषिक सिप आर्जनको केन्द्रविन्दुका रूपमा अभ्यासलाई स्वीकार्न सकिन्छ ।

## भाषा पाठ्य पुस्तकमा अभ्यासको आवश्यकता र महॉव

भाषाका चार ओटा कुशलता प्राप्तिका लागि भाषा शिक्षकले योजनाबद्ध ढङ्गबाट आफ्नो शिक्षण प्रक्रियाको थालनी गर्नु पर्दछ । यस्तो अवस्थामा विद्यार्थीको स्तर हेरी सोही अनुरूप शिक्षण गरिनु उपयुक्त हुन्छ । भाषाका सिपसँग समबन्धित पक्षलाई अँगालेर भाषा शिक्षण गरियो भने भाषिक सिप विकासका लागि ठोस उपलब्धि हासिल हुन सक्छ । विद्यार्थीको उमेर, स्तर, सिक्न सक्ने क्षमता आदि कुराको ख्याल गरी तहगत भिन्नताका आधारमा शिक्षण गरिनुपर्दछ । भाषिक सिप विकासका लागि गरिने विविध कार्यकलापलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनु पर्दछ । जुन उद्देश्यका लागि कार्यकलाप गरिने हो, त्यसको सम्बन्ध सम्बन्धित सिपसँग हुनु पर्दछ । कक्षाकोठाभित्र शिक्षकले भाषिक सिप सम्बन्धी आभ्यासिक कार्यकलापहरू गराउनु पर्ने हुन्छ । जसका लागि अभ्यासहरू उपयुक्त साधन बन्न सक्छन् । यस्ता अभ्यासहरूको प्रयोग गर्नाले विद्यार्थीहरूलाई निर्दिष्ट उद्देश्य प्राप्त गराउन सजिलो हुन्छ ।

भाषा पाठ्य पुस्तक भन्ने वित्तिकै अभ्यासको महत्वपूर्ण स्थान र व्यवस्था रहेको हुन्छ । वास्तवमा नै भन्ने हो भने भाषा पाठ्य पुस्तकमा मूल पाठभन्दा अभ्यासात्मक कार्यकलापको आकार ठूलो र बढी हुन्छ । यस्तो हुनु स्वभाविक पनि हो किनकि भाषा सिक्नु भनेको यसका ग्रहण (सुनाइ, पढाइ) र अभिव्यक्तिगत ( बोलाइ र लेखाइ) सिप सिकाउनु हो र यस्तो सिप अभ्यासबाट नै प्राप्त, परिमार्जित र परिष्कृत हुन सक्दछ । तसर्थ भाषा शिक्षणमा अभ्यासको केन्द्रीय महत्त्व र आवश्यकता देखिन्छ । कक्षा वा तहको स्तर वा आवश्यकता हेरी हरेक पाठपछि उपयुक्त एवम् पर्याप्त अभ्यासको व्यवस्था गरिएको हुनु पर्दछ । भाषाको प्रकार्यात्मक सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकता सम्बन्धी व्यवहारिक ज्ञान र सिप अभ्यासबाटै प्राप्त हुने र सबल हुने हुनाले त्यसको उपयुक्त नमुना निर्देश गर्न सक्नुपर्दछ । विधागत विविधता अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासको सचेत व्यवस्था

गर्नुपर्दछ । त्यसैगरी भाषाको शैलीगत विविधता र तिनका प्रयोग क्षेत्रका सान्दर्भिक उपयुक्तता र आवश्यकता अनुरूप भाषिक सिप विकासका निम्ति अभ्यासकै आवश्यकता भएकाले पाठ्य पुस्तकमा अभ्यासको व्यवस्था मिलाउनु अत्यन्त आवश्यक देखिन्छ ।

भाषा पाठ्य पुस्तकका सैद्धान्तिक विषय, ज्ञान तथा सामग्रीलाई सहज तथा सुविधापूर्ण ढङ्गबाट पर्याप्त पुनरावृत्तिका साथ विद्यार्थीले सिक्न सकून भन्ने अभिप्रायले अभ्यासको व्यवस्था गरिएको हुन्छ । भाषिक सिपलाई बढावा नदिने अभ्यासलाई भाषा पाठ्य पुस्तकमा राख्नु त्यति उपयुक्त देखिँदैन । तसर्थ पनि भाषा पाठ्य पुस्तकमा अभ्यास राख्दा छनोट र स्तरणको सिद्धान्त अनुरूप क्रमबद्ध रूपमा संयोजन गर्नुपर्दछ । निर्दिष्ट उद्देश्य पुरा गर्ने अपेक्षाका साथ संयोजन गरिएका यस्ता अभ्यासहरू वैज्ञानिक र हरेक दृष्टिकोणबाट उपयुक्त र प्रभावकारी हुनु पर्दछ । अन्यथा त्यस्ता अभ्यासहरू प्रयोजनहीन हुन सक्दछन् । यस्तो हुनबाट बच्नको लागि भाषा पाठ्य पुस्तकमा प्रयोग गरिने अभ्यासहरू विविधता मूलक, भाषिक सिपसँग प्रत्यक्ष संलग्न हुने विद्यार्थीहरूको रूचि र चाख अनुकूलका हुनु जरूरी छ ।

अभ्यासहरू शब्द भण्डार, भाषिक संरचना, अभिनय, मौखिक क्रियाकलाप जस्ता पक्षहरूको विकासमा पनि उपयोगी हुने भए पनि लेखाइ सिप विकास र गृहकार्य दिने प्रयोजनका लागि बढी बढी उपयोगी मान्न सकिन्छ । यस्ता आभ्यासिक सामग्रीहरू भाषातत्त्व र पठनबोधसँग सम्बन्धित गराएर राखिन्छ, जसलाई पाठ्य विकासका सामग्रीसँग सम्बन्धित गराएर राखिन्छ र पाठ्य विकासका सामग्रीसँग एकीकृत गराउनु पर्दछ । आधुनिक प्रचलन अनुसार भाषातत्त्व (व्याकरण) शिक्षणका लागि छुट्टै पाठ्य पुस्तकको व्यवस्था हुनु पर्ने देखिन्छ । तसर्थ यस्ता पक्षहरूको शिक्षण अभ्यासबाट नै गराउनु पर्ने हुन आउँछ । अभ्यासकै माध्यमबाट पाठ्यविषयको निर्देशन, गृहकार्य, परीक्षण, पुनरावृत्ति तथा प्रोत्साहनका लागि मद्दत पुऱ्याउने अपेक्षा राखिएको हुन्छ । त्यसकारण अभ्यासलाई भाषा पाठ्य पुस्तकको मूल अंशका रूपमा स्वीकार गरिएको छ ।

पाठ्यक्रमका निर्धारित उद्देश्य पुरा गर्न सक्षम हुने किसिमले पाठ्य पुस्तकका मूल अंशहरूको निर्धारण गरिए तापनि सबै क्षेत्रलाई पाठ्य सामाग्रीले मात्र समेट्न सक्दैन । त्यसकारण पाठ्य पुस्तकमा राखिएका विधा उपविधाभन्दा पनि त्यसका आधारमा गराइने भाषिक अभ्यासहरू महत्त्वपूर्ण हुन जान्छन् । अभ्यासहरूले शिक्षक र विद्यार्थी दुवैका लागि निर्देशकको काम गर्दछन् । किनकी अभ्यासले नै सिकारूलाई पुनरावृत्तिद्वारा प्रभावकारी सिकाइका लागि पथप्रदर्शन गर्दछ भने शिक्षकका लागि सिकाइको स्तर पत्ता लगाई सुधारका लागि निर्देशन प्रदान गर्दछ । अभ्यासले शिक्षक र विद्यार्थी दुवैलाई मेहनती र क्रियाशील बनाउनुका साथै शिक्षण कार्यलाई व्यवस्थित र सुनियोजित समेत तुल्याउँछ ।

भाषा शिक्षण 'प्रयत्न र भूल' को सिद्धान्तबाट अघि बढ्ने हुँदा यसमा सिकारूको नै भूमिका बढी हुनु स्वाभाविक मानिन्छ । भाषा निरन्तर अभ्यास र पुनरावृत्तिबाट मात्र आर्जन गर्न सकिने वस्तु हो । तसर्थ भाषाको शिक्षण गर्नका लागि त्यही अनुरूपका अभ्यासहरू प्रयोग गरिनु पर्दछ । अभ्यासहरू खासगरी सिकारूको मनोविज्ञानसँग मेल खानेगरी तथा सिकाइको क्रमअनुसार 'सरलबाट जटिलको क्रम' मा राख्नु उपयुक्त हुन्छ । अभ्यासले पाठ्यक्रमका सम्पूर्ण उद्‌देश्यहरू समेटेको हुनु पर्दछ । भाषिक र शैक्षिक समस्यालाई समाधान गर्ने शिक्षार्थीका कमी कमजोरी निदान गर्ने र शिक्षकको अनुपस्थितिमा पनि सिकाइलाई भाषिक अभ्यासमा संलग्न गराउने खालका अभ्यासलाई नै उपयुक्त र प्रभावकारी 'अभ्यास' मान्न सकिन्छ ।

## सारांश

कृष्ण प्रसाद रुवाली (२०५७) ले कक्षा सातको हाम्रो नेपाली कितबमा समावेश गरिएका अभ्यासहरुको अध्ययन शीर्षकको शोधकार्य, इन्दिरा ज्ञवाली (खनाल) (२०५८) ले कक्षा ५ को मेरो नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यासहरुको अध्ययन शीर्षकको शोध, गोमा पाण्डे (२०६०) ले कक्षा सातको नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन, पार्वती अर्याल (२०४९) ले कक्षा नौको नेपाली भाषा पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन, भरत कुमार बस्नेत (२०६०) ले कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन, उपेन्द्र प्रसाद पौडेल (२०६२) ले कक्षा ४ को नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरुको अध्ययन, मन्जु आचार्य (२०६६) ले कक्षा १ को मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको अध्ययन शोधकार्य, प्रमोद अधिकारी (२०६७) ले कक्षा दशको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकको शोध र खड्ग बहादुर राउत (२०६७) ले कक्षा नौको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण शोधकार्य गरिएको पाइन्छ तापनि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट अभ्यास शीर्षकमा कसैले शोधकार्य गरेको पाइँदैन । यसमा कक्षा नौको नेपाली पाठ्यपुस्तक समाविष्ट अभ्यासको अध्ययन सैद्धान्तिक, वर्णनात्मक र पुस्तकालयीय विधिका आधारमा गरिएको छ ।

## अध्याय : तिन

## अध्ययन विधि तथा अभ्यास अध्ययन ढाँचा

### जनसङ्ख्या र नमुना छनोट

अनुसन्धानको लागि छनोट गरिएका सम्पूर्ण मानिस एवम् वस्तुहरूको समूहलाई नै अध्ययनको जनसङ्ख्या भनिन्छ । अर्को शब्दमा, अनुसन्धानकर्ताको रूचि अनुसारका एक वा सोभन्दा बढी समान विशेषताहरू भएका व्यक्तिहरूको समूहलाई जनसङ्ख्या भनिन्छ (निउरे र घिमिरे, २०७०, पृ.७४) । ठूलो जनसङ्ख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूहलाई नै नमुना भनिन्छ । अथवा जनसङ्ख्याको प्रतिनिधिमूलक अंशलाई नै नमुना भनिन्छ । अध्ययनको जनसङ्ख्याबाट नमुना छनोट गर्दा जुन प्रक्रिया वा तरिका अवलम्बन गरिन्छ त्यसैलाई नमुना छनोट भनिन्छ (निउरे र घिमिरे, २०७०, पृ. ७५)

अध्ययन अनुसन्धानका विभिन्न विधिहरूको उपयोग गर्न सकिने भए तापनि यस अध्ययनलाई मूल रूपमा पुस्तकालयीय विधिका आधारमा सम्पन्न गरिएको छ । अभ्यासका निम्ति भाषा शिक्षणका आधार ग्रन्थको उपयोग गरिएको छ । त्यसैले प्रस्तुत अध्ययन पुस्तकालयीय विधि र विश्लेषण विधिमा आधारित रहेको छ । साथै मुख्य सामग्रीका रूपमा सम्बद्ध कक्षाको पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिकालाई लिइएको छ ।

### अभ्यास अध्ययनका आधारहरू

विद्यार्थीको भाषिक क्षमता जाँच्न तथा अभ्यासात्मक क्षमता वृद्धिका लागि निम्न लिखित आधारहरूको प्रयोग गर्न सकिन्छ :

### प्रश्नका स्वरूपको आधार

प्रश्नका स्वरूपलाई निम्न लिखित दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

क. वस्तुगत प्रश्न

ख. विषयगत प्रश्न

**क. वस्तुगत प्रश्नहरू**

उत्तरमा सङ्केत वा चिह्न वा शब्दको मात्र प्रयोग हुने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । एक पटकमा एउटा मात्र कुराको परीक्षण गर्न उपयोगी हुने यस्ता प्रश्नहरू मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास र व्याकरणतत्वहरूको पहिचानात्मक क्षमता परीक्षण गर्न उपयोगी हुन्छन् (शर्मा र पौडेल, २०६०, पृ.२३५) । वस्तुगत प्रश्नको सबैभन्दा ठूलो विशेषता एकपल्टमा एउटा कुराको मात्र परीक्षण गर्नु हो । अभिव्यक्तिगत सिपको परीक्षणमा प्रत्यक्षतः उपयोगी हुन नसक्ने र उत्पादानात्मक एवं सम्पादानात्मक परीक्षणका दृष्टिले पनि ज्यादै सीमित हुने भए तापनि यस्ता प्रश्नहरू परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् । केही मात्रामा यी प्रश्नहरू भाषिक क्षमता बढाउने काममा निकै उपयोगी हुन्छन् । विद्यार्थीको अभिव्यक्ति सिपको परीक्षण गर्न नसकिने यस खाले प्रश्नहरूबाट शब्दार्थ शब्द प्रयोग, वर्ण विन्यास, भाषातत्त्व, बोध, उच्चारण आदिको परीक्षण गर्न सकिन्छ । भाषिक क्षमता परीक्षण तथा अभ्यासका लागि उपयोगी हुने वस्तुगत प्रश्नहरू निम्न लिखित प्रकारका छन्:

**अ. बहु वैकल्पिक प्रश्न :** विद्यार्थीहरूलाई दिइने प्रश्नहरूका साथै तिनका उत्तरहरू विकल्पका साथ प्रस्तुत गरिने प्रश्नलाई बहु वैकल्पिक प्रश्न भनिन्छ । यसमा कम्तीमा दुईदेखि बढीमा पाँचओटासम्म विकल्प दिइएको हुन्छ र त्यही विकल्पहरूमध्येबाट कुनै एउटामा ठिक (√) चिह्न वा गोलो (○) चिह्न लगाउनु पर्ने हुन्छ । यस प्रकारका प्रश्नबाट वाक्यतत्त्व, शब्दभेद, शब्द निर्माण, शब्दार्थ आदिको परीक्षण गर्ने उद्देश्य राखिएको हुन्छ । यस्ता प्रश्नहरूको निर्माण गर्दा प्रश्नहरू र सम्भावित उत्तर भाषिक क्षमता जाँच्ने वा भाषिक सिपको अभ्यास हुने किसिमले बनाउनु उपयुक्त हुन्छ ।

बहु वैकल्पिक प्रश्न निर्माण गर्ने आधारहरू निम्नानुसार छन् :

क) प्रश्नको पहिलो भागमा समस्या प्रस्तुत गर्नु पर्दछ । समस्या अर्थपूर्ण हुनु पर्दछ ।

ख) एउटै मात्र ठिक उत्तर हुनु पर्दछ ।

ग) प्रश्नहरू सरल र स्पष्ट हुनु पर्दछ ।

घ) स्टेम सामान्यता नकारात्मक वाक्यमा हुनुहुन्न ।

ङ) प्रस्तुत विकल्पले उत्तरको सुराक दिनु हुँदैन ।

च) विकल्पको लम्बाइमा ठूलो भिन्नता हुनु हुन्न ।

छ) सबै विकल्पहरू उस्तै हुनुका साथै स्टेममा भएको विशिष्ट शब्द वा पदलाई विकल्पमा दोहोऱ्याउनु हुँदैन ।

ज) माथिका सबै र माथिका कुनै पनि होइनन् जस्ता दुवै विकल्प एउटै प्रश्नमा समावेश गरिनु हुन्न । माथिका सबै र माथिका कुनै पनि होइनन् मध्ये कुनै विकल्प राख्दा विशेष सतर्कता अपनाउनु पर्दछ । समान्यतया यस्ता विकल्पहरू समावेश गर्नु राम्रो हुन्न ।

झ) प्रश्नहरू अपूर्ण उक्तिका रूपमा भन्दा प्रश्नका रूपमा निर्माण गर्दा सरल र स्पष्ट हुन्छन् ।

*(वाग्ले र पौडेल, २०६१, पृ.१९९)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका बहु वैकल्पिक प्रकृतिका वस्तुगत प्रश्नका स्वरूपलाई नमुनाका रूपमा यस प्रकार देखाउन सकिन्छ :

१. *तल दिइएका मध्ये नमिल्नेमा ठिक (√) चिह्न लगाउनुहोस् :* (पृ. १५८, प्र.नं. १)

क) *वनजङ्गलको विनाशबाट* *चारैतिर हरियाली हुन्छ ।*

☐ *बहुमूल्य काठहरू देख्न पाइँदैनन्*

☐ *वन्य पशुपक्षीहरू लोप हुन्छन् ।*

☐ *अतिवृष्टि र अनावृष्टिको मार खप्नुपर्छ ।*

ख) *दाउराको सट्टामा* ☐ *गोबर ग्यास प्रयोग गर्न सकिन्छ ।*

☐ *ढुङ्गा र माटो प्रयोग गर्न सकिन्छ ।*

☐ *बिजुलीको उपयोग गर्न सकिन्छ ।*

☐ *सौर्य शक्तिको उपयोग गर्न सकिन्छ ।*

ग) *वनजङ्गल संरक्षण गर्न* ☐ *स्थानीय जनता सक्रिय हुनु पर्छ ।*

☐ *वन विभागले नियमित निरीक्षण अनुगमन गर्नुपर्छ ।*

☐ *एकएकजना मानिसले रूखलाई समातेर बस्नुपर्छ ।*

☐ *सम्बन्धित गाविसहरूलाई सक्रिय राख्नुपर्छ ।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा बहु वैकल्पिक प्रश्न समावेश गरिएको छ । तल दिइएका मध्ये नमिल्नेमा रेजा (√) लगाउनुहोस् भनिएको छ । तर प्रश्न निर्माण गर्ने आधारमा भने 'स्टेम मान्यता नकारात्मक हुनुहुन्न' भनिएको छ । यी प्रश्नहरू विद्‌यार्थीहरूको स्तरभन्दा अति नै सजिलो भएको पाइन्छ ।

**आ. खाली ठाउँ भर्ने प्रश्न :** प्रश्नका आधारमा वाक्यमै निश्चित शब्दहरू हटाएर खाली राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू खुल्ला प्रकृतिका हुन सक्छन् । व्याकरण सम्बन्धी प्रयोगको अभ्यास र परीक्षण, उपयुक्त शब्दको छनोट गरी प्रयोग गर्ने सिप, बोध आदि कुराहरूका लागि यस्ता प्रश्नहरू उपयोगी हुन्छन् ।

खाली ठाउँ भर्ने प्रश्न निर्माणका आधारहरू यस प्रकार छन् :

क) उत्तर एउटै र निश्चित हुनु पर्दछ ।

ख) उत्तर एउटै वा थोरै शब्द, सङ्ख्या, सङ्केत आदिमा दिन सक्ने हुनु पर्दछ ।

ग) पाठ्य पुस्तकबाट हुबहु उद्धरण गर्नु हुँदैन ।

घ) उत्तर सङ्ख्या भए एकाइ समेत उल्लेख गरिएको हुनु पर्दछ ।

ङ) व्याकरणका दृष्टिले ठिक उत्तरको सुराक पाउने प्रश्न बनाइनु हुन्न ।

च) मुख्य शब्द झिकिएको हुनु पर्दछ ।

छ) भरसक वाक्यको सुरूमा खाली ठाउँ राखिनु हुन्न ।

*(वाग्ले र पौडेल, २०६१, पृ.१९६)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका खाली ठाउँ भर्ने प्रकृतिका वस्तुगत प्रश्नका स्वरूपलाई उदाहरणका रूपमा निम्नानुसार देखाउन सकिन्छ :

*१. कोष्ठकमा दिइएका उपयुक्त शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् । (पृ.३, प्र.न. ८)*

*क) वसन्त ऋतुमा...................... पाइन्छ । (उष्णता, माधुर्य, तिक्तता)*

*ख) वसन्त ऋतुले विशाल ...................... मा सौन्दर्य छर्दछ । (आकाश समुद्र, विश्व)*

*ग) कुहूकुहू गरेर कुञ्जमा ...................... बोल्दछ । (कोकिल, सुगा, मैना)*

*घ) वसन्तको बेला पुञ्जपुञ्जमा ...................... नाच्दछ । (प्राचीनता, नवीनता, विशालता)*

*ङ) वसन्त ऋतुले चारैतिर ...................... नयाँ तृणहरू बिछ्याउँछ । (राता, पहेंला, नानाथरीका)*

*च) वसन्त ऋतुले हामीलाई ...................... गर्छ । (विदाइ, स्वागत, अभिवादन)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा खाली ठाउँ भर्ने प्रश्न समावेश गरिएको छ । खाली ठाउँ भर्ने प्रश्न निर्माणको आधारमा पछाडि कोष्ठकमा उत्तरको विकल्प दिनुपर्ने कुरा उल्लेख गरिएको छैन तर नेपाली पाठ्य पुस्तकमा भने उत्तरको विकल्प दिइएर विद्धार्थीलाई सजिलो बनाइ दिएको पाइन्छ । यस्ता प्रश्न कक्षाको स्तरभन्दा अति नै सजिलो भएको देखिन्छ ।

२. *खाली ठाउँमा मिल्ने शब्द पाठबाट खोजेर भर्नुहोस् :* (पृ. २१, प्र.नं. २)

क) *भन, तिम्रो ..................... को कारण निश्चय अर्कै कुरा छ ।*

*ख) सौतेनी आमाको हातमा परेका भँगेराका बच्चाहरूको ..................... उनको मनमा रातदिन खड्किरह्यो ।*

*ग) संयोगले हाम्रो भकुण्डो हजुरको ..................... पर्न आयो ।*

*घ) शिशिरले पनि त्यो दिन त ..................... मा विताए ।*

*ङ) पसलेको ..................... वसन्तले सकेसम्म सहन्थे ।*

खाली भर्ने प्रश्नलाई नेपाली पाठ्य पुस्तकमा प्रश्न निर्माणका आधार अनुसार प्रश्नहरू राखिएको पाइन्छ र विद्धार्थीहरूको स्तर अनुसार नै प्रश्नहरू रहेको पाइन्छ ।

**इ. ठिक बेठिक छुट्याउने प्रश्न :** दिइएको भनाइ सत्य वा असत्य, हो वा होइन, ठिक वा बेठिक भनि छुट्याइने प्रश्नलाई ठिक बेठिक छुट्याउने प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूमा मिल्ने र नमिल्ने उत्तरहरू छासमिस गरी विद्यार्थीहरूलाई छुट्याउन लगाइन्छ । यस प्रकारका प्रश्नबाट बोधका साथै शब्द प्रयोग तथा वाक्य गठनका परीक्षणमा सहयोग पुग्दछ तापनि यिनलाई भाषिक सिपको परीक्षण र अभ्यासका लागि उपयोग गर्न सकिन्छ ।

ठिक बेठिक छुट्याउने प्रश्न निर्माणका आधारहरू यस प्रकार छन् :

क) उत्तरको एउटै ढाँचा हटाई ठिक बेठिक उत्तर करीब बराबर हुनु पर्दछ ।

ख) अस्पष्ट शब्द र भाषाको प्रयोग गर्नु हुन्न ।

ग) आंशिक रूपमा ठिक वा बेठिक प्रश्न नबनाई पूर्ण रूपमा ठिक र बेठिक प्रश्न निर्माण गर्नु पर्दछ ।

घ) विशिष्ट निर्णायक हटाइनु पर्दछ । जस्तै : सबै, कहिले पनि, अहँ, प्रायःजसो, कहिलेकाही, कुनै शर्तमा, हुन सक्तछ जस्ता शब्दहरू प्रयोग गरी सामान्यतया प्रश्नहरू बनाइनु हुन्न ।

ङ) अक्कल जाँच्ने वा झुक्याउने खालका प्रश्न राखिनु हुन्न ।

च) पाठ्य पुस्तकबाट हु बहु उद्धरण गर्नु हुनन ।

छ) सङ्क्षिप्त वाक्य हुनु पर्दछ ।

ज) सामान्यतया एउटै प्रश्नमा एउटा भन्दा बढी तथ्य समावेश गरिनु हुन्न ।

झ) एउटै उक्तिलाई दुई नकारात्मक शब्द राखिनु हुन्न । नकारात्मक शब्दको प्रयोगमा सतर्कता अपनाउनु पर्दछ ।

*(वाग्ले र पौडेल, २०६१, पृ.१९७)*

ठिक बेठिक छुट्याउने आधारहरू धेरै उल्लेख गरिएको छ तर कक्षा नौको नेपाली पाठ्य पुस्तकमा ठिक बेठिक छुट्याउने प्रश्नहरू समावेश भएको पाइँदैन । समानुपातिक रूपमा प्रश्नको वितरण गर्नका लागि ठिक बेठिक छुट्याउने प्रश्न पनि यस पाठ्य पुस्तकमा राखिनु पर्ने देखिन्छ ।

**ई. जोडा मिलाउने प्रश्न :** दुई समूहमा खण्ड 'क' र खण्ड 'ख' गरी एक अर्कासँग जोडा मिलाउन सोधिने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । यस्ता प्रश्नमा एउटा स्तम्भमा भएको कुरासँग अर्को स्तम्भमा भएको सँग जोडा मिल्ने उत्तर खोज्नुपर्छ । भाषिक मूल्याङ्कनमा शब्दार्थ, वाक्यसङ्गति, लिङ्ग, कारक, विभक्ति, शब्दवर्ग, घटना, तिथि, मिति जस्ता कुराहरूको परीक्षण गर्न जोडा मिलाउने प्रश्न उपयोगी हुन्छन् । प्रश्नहरू एक खण्डमा र उत्तरहरू अर्को खण्डमा राखिएका हुन्छन् र प्रश्नहरूको सङ्ख्याभन्दा उत्तरहरूको सङ्ख्या बढी हुनु पर्दछ ।

*जोडा मिलाउने प्रश्न निर्माणका आधारहरू निम्नानुसार छन् :*

क) प्रतिक्रिया र उद्धीपक स्तम्भको छनोट उपयुक्त किसिमले गर्नु पर्दछ ।

ख) प्रश्नपत्रमा उत्तर दिने निर्देशन स्पष्टसँग दिनु पर्दछ ।

ग) प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु पर्दछ ।

घ) एउटा पदलाई एकैपटक मात्र प्रयोग गर्नु पर्दछ ।

ङ) दाँजिनु पर्ने पद यथासक्य सङ्क्षिप्त हुनु पर्दछ ।

च) प्रतिक्रियाहरू समान्यतया दायाँ स्तम्भमा राखिनु पर्दछ ।

छ) प्रतिक्रियालाई तर्कपूर्ण क्रममा राखिनु पर्दछ ।

ज) प्रत्येक जोडा मिलाउने प्रश्नको समूहमा ५ देखि १० ओटा प्रश्नहरू समावेश गरिनु पर्दछ ।

झ) प्रत्येक जोडा मिलाउने प्रश्नको समूहमा सजातीय सामग्री मात्र समावेश गर्नुपर्दछ ।

ञ) एउटा जोडा मिलाउने प्रश्नको समूहलाई एउटै पन्नामा राखिनु पर्दछ ।

*(वाग्ले र पौडेल, २०६१, पृ.१९८)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका जोडा मिलाउने प्रकृतिका वस्तुगत प्रश्नका स्वरूपलाई नमुनाका रूपमा निम्नानुसार देखाउन सकिन्छ :

*जोडा मिलाउनुहोस् :* (पृ. ५३. प्र.नं. २)

| | |
|---|---|
| *शिरीषको फूल* | *कथा संग्रह* |
| *छेकुडोल्मा* | *बहिनी* |
| *सुकन्या* | *लामाले राखेको नाउँ* |
| *मेरिल्यान्ड* | *रोग* |
| *अमृत मोक्तान* | *वि.सं. २०२२* |
| *एथ्राइटिज* | *विश्वविद्यालय* |
| *सडक र प्रतिभा* | *कविता संग्रह* |
| *मदन पुरस्कार* | *आमा* |
| *बैंसालु वर्तमान* | *आत्मसंस्मरण* |
| *अध्ययन र सङ्घर्ष* | *उपन्यास* |

प्रस्तुत जोडा मिलाउने प्रश्न बोधसँग सम्बन्धित छ । जोडा मिलाउने प्रश्न निर्माणका आधारमा 'प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु पर्दछ' भनिएको छ । तर कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा उद्दीपक र प्रतिक्रिया स्तम्भमा बराबरी पदहरू राखिएको पाइन्छ । अन्य भने प्रश्न निर्माणका आधारमा नै भएको पाइन्छ ।

*तल दिइएका शब्दहरूको अर्थ मिलाउनुहोस् :* (पृ. १००, प्र.नं. २)

| **शब्द** | **अर्थ** |
|---|---|
| पराग | मह बच्चा रहने खण्डखण्ड परेको विशेष प्रकारको खापा |
| व्यवसाय | मौरीको गुँड |
| मैन | मौरीको घारबाट मह निकाल्नु |
| मह काढ्नु | मौरीको मैनग्रन्थी रसाएर निस्कने पदार्थ |
| चाका | फूलको भित्री भागमा हुने सुगन्धी धुलो |
| घार | फूलको खेती |

यो शब्दार्थ शिक्षणसँग सम्बन्धित जोडा मिलाउने प्रश्न हो । जोडा मिलाउने प्रश्न निर्माणका आधारमा 'प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु पर्दछ' भनिएको छ । तर कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा उद्दीपक र प्रतिक्रिया स्तम्भमा बराबरी पदहरू राखिएको पाइन्छ । अन्य भने प्रश्न निर्माणका आधारमा नै भएको पाइन्छ ।

**ख. विषयगत प्रश्न :**

विषयगत प्रश्न भनेको विद्यार्थीहरूले कुनै पनि प्रश्नको उत्तरमा आफ्नो मौलिक विचार र भावनाहरूको प्रदर्शन गरी लामो तथा छोटो रूपमा उत्तर दिनु हो । विषयगत प्रश्नले विद्यार्थीहरूको मौलिक विचार, लेखन शैली, भाषाशैली, व्याख्या गर्ने, विश्लेषण गर्ने, संगठन गर्ने, शैली आदिको मापन गर्ने गर्दछ । विषयगत प्रश्नमा विद्यार्थीहरूले एउटै प्रश्नको उत्तर भिन्न भिन्न रूपमा दिन्छन् । यसमा विद्यार्थीहरूलाई स्वतन्त्र लेखनको अवसर हुन्छ । यस्ता प्रश्नमा प्रश्न सङ्ख्या थोरै हुने उत्तर लेख्ने समय पर्याप्त हुन्छ । विषयगत प्रश्नहरू दुई प्रकारका हुन्छन् । ती हुन : निबन्धात्मक प्रश्न र छोटो उत्तरात्मक प्रश्न वा सङ्क्षिप्त उत्तरात्मक प्रश्न ।

**अ. निबन्धात्मक प्रश्न :** उत्तरहरू निबन्धको रूपमा लेखिने प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ । यसले विद्यार्थीहरूको भाषाशैली, अभिव्यक्ति कला, मौलिकता, सिर्जनात्मकता, संगठित प्रस्तुतीकरण शैली आदि गुणको परीक्षण गर्दछ । यस्तो प्रश्नको उत्तर स्वतन्त्र लेखनको रूपमा हुन्छ । निबन्धात्मक प्रश्नको उत्तर धेरै वाक्यहरू वा अनुच्छेदहरूको रूपमा हुन्छ । निबन्धात्मक प्रश्नमा व्याख्या गर्ने, तुलना गर्ने, विचार व्यक्त गर्ने जस्ता प्रश्नहरू समावेश गरिएका हुन्छन् । यस्ता प्रत्येक प्रश्नको उत्तर लामो हुन्छ । त्यसकारण विद्यार्थीहरूको भाषिक क्षमता जाँच्न तथा अभ्यासात्मक क्षमता बृद्धिका लागि निबन्धात्मक प्रश्न एउटा आधार हुन्छ ।

*निबन्धात्मक प्रश्नका स्वरूप निम्नानुसार छन् :*

क) वर्णन गर्ने

ख) सारांश लेख्ने

ग) तुलना गर्ने

घ) स्वतन्त्र अभिव्यक्ति दिने

ङ) राय व्यक्त गर्ने

च) छलफल गर्ने र वर्गीकरण गर्ने

छ) सङ्क्षेपमा लेख्ने

च) दृष्टान्त दिने

छ) पुष्टि गर्ने

झ) मूल्याङ्कन गर्ने

*(वाग्ले र पौडेल, २०६१, पृ.१८९)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा रहेका निबन्धात्मक प्रश्नलाई स्वरूपका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) वर्णन गर्नेः कक्षा नौको नेपाली पाठ्य पुस्तकमा वर्णन गर्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*'हाम्रो देश : हाम्रा अतिथि' निबन्धले देशको सौन्दर्य र हाम्रो आतिथ्य सत्कारलाई कसरी प्रस्तुत गरेको छ, विवेचनात्मक रूपमा उल्लेख गर्नुहोस् । (पृ.३५, प्र.नं.१३)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

ख) सारांश लेख्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सारांश लेख्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*'शिशिर र वसन्त' कथाको कथासार लेख्नुहोस् । (पृ.२२, प्र.नं.१३)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

ग) तुलना गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा तुलना गर्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*शिशिर र वसन्तमा के कस्ता गुणहरू थिए, यसबारे कक्षामा छलफल गरी मुख्यमुख्य बुँदाहरू तयार पार्नुहोस् । (पृ.२२, प्र.नं.१०)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

घ) स्वतन्त्र अभिव्यक्ति दिने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा स्वतन्त्र अभिव्यक्ति दिने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*'भिखारी कविता' मा कविले भिखारीलाई समाजको कस्तो वर्गका रूपमा चित्रण गरेका छन् ? (पृ.७४, प्र.नं. ८ को क)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

ङ)	राय व्यक्त गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा राय व्यक्त गर्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*समाजमा छुवाछुतको प्रथा हटाउन के के गर्नुपर्ला ? कारण सहित विवेचना गर्नुहोस् । (पृ.६५, प्र.नं.१३)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

च)	छलफल गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा छलफल गर्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*मानवतावाद भन्ने विषयमा कक्षामा छलफल गरी आएका निष्कर्षका आधारमा १०० शब्दसम्मको एउटा अनुच्छेद तयार पारी शिक्षकलाई देखाउनुहोस् । (पृ.७४, सिर्जनात्मक अभ्यासको प्र.नं.क)*

वर्गीकरण गर्ने

वर्गीकरण गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास दिइएको पाइँदैन ।

छ)	सङ्क्षेपमा लेख्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकका सङ्क्षेपमा लेख्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*संवादमा उल्लेख भएका गहकिला तर्कहरूलाई बुँदागत रूपमा लेख्नुहोस् । (पृ.६५, प्र.नं.१२)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने सक्ने किसिमको निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

ज)	दृष्टान्त दिने :

दृष्टान्त दिने किसिमका अभ्यास पाठ्य पुस्तकमा पाइँदैन । यस्ता अभ्यासले विद्धार्थीहरूको स्मरण गर्ने शक्ति बढाउने हुनाले पाठ्य पुस्तकमा राखिनु आवश्यक देखिन्छ ।

झ)	पुष्टि गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा पुष्टि गर्ने प्रकृतिका निबन्धात्मक प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*'विवेकानन्द पूर्वीय अध्यात्म दर्शनका महान् व्याख्याता एवं चिन्तक हुन् भन्ने कुरालाई पुष्टि गर्नुहोस् । (पृ.१२०, प्र.नं.११ को ख)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीले सहजै गर्ने निबन्धात्मक प्रश्न रहेको देखिन्छ ।

ञ)  मूल्याङ्कन गर्ने

मुल्याङ्कन गर्नका लागि पाठ्य पुस्तकमा कुनै पनि प्रकारका अभ्यासहरू समावेश गरिएको पाइँदैन । यस्ता अभ्यासले विद्धार्थीको मूल्याङ्कन गर्न सहज हुने हुनाले पाठ्य पुस्तकमा राख्नु पर्ने देखिन्छ ।

प्रश्न निर्माण गर्ने आधारलाई हेर्दा निबन्धात्मक प्रश्न अन्तर्गत वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने र वर्गीकरण गर्ने, सङ्क्षेपमा लेख्ने, दृष्टान्त दिने, पुष्टि गर्ने र मूल्याङ्कन गर्ने खालका प्रश्नहरू रहेको देखिन्छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने, स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने, सङ्क्षेपमा लेख्ने र पुष्टि गर्ने खालका प्रश्नहरू समावेश गरिएका छन् भने वर्गीकरण गर्ने, दृष्टान्त दिने र मूल्याङ्कन गर्ने प्रश्न पाठ्य पुस्तकमा समावेश भएका पाइँदैनन् ।

**आ.  छोटो उत्तरात्मक प्रश्न वा संक्षिप्त उत्तरात्मक प्रश्न :** छोटा वा सीमित उत्तर आउने प्रश्नलाई छोटो वा संक्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नमा प्रश्नको उत्तर लामो हुँदैन तर स्वतन्त्र लेखनको अवसर हुन्छ । प्रायजसो एक दुई वाक्यदेखि केही वाक्यसम्मका उत्तरहरू आउन सक्छन् । यो प्रश्नलाई नियन्त्रित प्रक्रिया प्रश्न पनि भनिन्छ (पराजुली र अन्य, २०६५, पृ.३१९) । यस प्रश्नमा तर्क दिने, स्मृति गर्ने, सूची बनाउने, अर्थ लेख्ने, टिपोट लेख्ने, सारांश लेख्ने, परिभाषा दिने, कारण दिने, उदाहरण दिने आदि प्रश्न समावेश गर्न सकिन्छ ।

समग्रमा भाषा शिक्षणमा विभिन्न किसिमका प्रश्नहरू उपयोगी हुन्छन् जस्तै : शब्दार्थ सिकाउनको लागि शिक्षार्थीलाई शब्दको अर्थ बताउने र प्रयोग गराउने गर्दा बीच बीचमा शब्दार्थ र त्यसको प्रयोग सम्बन्धी बहुविकल्पी, खाली ठाउँ भर्ने तथा जोडा मिलाउने प्रश्नहरूको उपयोग गर्न सकिन्छ । नमुना प्रश्नहरूले खास पाठ्य वस्तुलाई बुझाउन सहायता पुऱ्याउँछन् भने यस किसिमका प्रश्नहरू शिक्षक सहायक सामग्रीका रूपमा पनि प्रयुक्त हुन सक्छन् । व्याकरणका पाठहरूको शिक्षण गर्दा प्रश्नको उपयोग गर्नाले कक्षालाई विविधता मूलक र रोचक बनाउन सकिन्छ । अझ श्रुतिबोध र पठनबोधको अभ्यासमा त प्रश्नहरूको उपयोग अनिवार्य नै ठहर्छ । तसर्थ भन्न सकिन्छ भाषाका विभिन्न सिप तथा तत्त्वहरूको शिक्षणका लागि प्रश्नहरूको उपयोग महत्त्वपूर्ण र अनिवार्य छ ।

छोटो उत्तरात्मक प्रश्नका स्वरूप यस प्रकार छन् :

क)  कारण दिने

ख)	परिभाषा दिने

ग)	उदाहरण दिने

घ)	फरक देखाउने

ङ)	सामान्य स्मृति

च)	टिप्पणी देखाउने

छ)	सूची दिने

ज)	सङ्क्षेपीकरण गर्ने

झ)	को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने

*(वाग्ले र पौडेल, २०६१, पृ.१९२)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा रहेका सङ्क्षिप्त प्रश्नलाई स्वरूपका आधारमा उदाहरणका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क)	कारण दिने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका कारण दिने प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

*भिखारीको मुखमा खाोच पर्नाको कारण के हो ? (पृ.७२, प्र.नं.१ को ग)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीहरूले सहजै गर्न सक्ने देखिन्छ ।

ख)	परिभाषा दिने

परिभाषा दिने अभ्यास पाठ्य पुस्तकमा पाइदैन । पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास आवश्यक पनि देखिँदैन ।

ग)	उदाहरण दिने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका उदाहरण दिने प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

*भिखारीको चित्रण कविले कसरी गरेका छन् ? (पृ.७३, प्र.नं.६ को क)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीहरूले सहजै गर्न सक्ने देखिन्छ ।

घ)	फरक देखाउने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका फरक देखाउने प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

*कार्यालयलाई लेखिने निवेदन र घरायसी चिठिको ढाँचामा पाइने भिन्नताहरू के के हुन् ? (पृ.१५८, प्र.नं.२ को ग)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार माथिको प्रश्न विद्धार्थीहरूले सहजै गर्न सक्ने देखिन्छ ।

ङ) सामान्य स्मृति

सामान्य स्मृति दिने खालका अभ्यास पाठ्य पुस्तकमा समावेश गरिएका पाइँदैन । यस प्रकारको अभ्यास आवश्यक पनि देखिँदैन ।

च) टिप्पणी देखाउने

टिप्पणी देखाउने अभ्यास पाठ्य पुस्तकमा समावेश भएको पाइँदैन । यस्ता प्रकारका अभ्यास नेपाली पाठ्य पुस्तकमा समावेश गराउनु पर्ने देखिन्छ ।

छ) सूची दिने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका सूची दिने प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार देखाउन सकिन्छ :

*पाठको सातौं अनुच्छेद पढी पारिजातका उपन्यासहरूको वर्णानुक्रम अनुसार सूची बनाउनुहोस् । ( पृ.५४, प्र.नं. ६)*

कक्षा नौको पाठ्य पुस्तकमा दिइएको पाठ पढेर अनुसार माथिको प्रश्न विद्धार्थीहरूले सहजै गर्न सक्ने देखिन्छ ।

ज) सङक्षेपीकरण गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका सङ्क्षेपीकरण गर्ने प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार देखाउन सकिन्छ :

*पाठको दोस्रो अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गरी उपयुक्त शीर्षक दिनु होस् । (पृ. ३४, प्र.नं. ८)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा दिइएको पाठ पढेर अनुसार माथिको प्रश्न विद्धार्थीहरूले सहजै गर्न सक्ने देखिन्छ ।

झ) को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेका को, के, कसरी, कहिले, कहाँ आदि प्रकृतिका सङ्क्षिप्त प्रश्नलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*को : बुद्धको नजर अगाडि को आएको थियो ? (पृ.७२, प्र.नं. १ को ङ)*

*के : शिशिर र वसन्तको कथाले दिने सन्देश के हो ? (पृ.२२, प्र.नं. ११ को ङ)*

*कसरी : नेपालको राजनीतिमा भीमसेन थापाको उदय कसरी भयो ? (पृ.९१, प्र.नं. ८ को ग)*

*कहिले : पाहुना कहिले भुतुक्क हुन्छन् ? (पृ.३३, प्र.नं. १ को ख)*

*कहाँ : घरायसी चिठीमा मिति र ठेगाना कहाँ लेखिँदो रहेछ ? (पृ.४२, प्र.नं. १ को ग)*

पाठ्य पुस्तकमा दिइएको पाठ अनुसार संक्षिप्त प्रश्न अन्तर्गत पर्ने को, के, कसरी, कहिले, कहाँ जस्ता प्रश्नको उत्तर विद्धार्थीहरूले सहजै रूपमा दिन सक्ने देखिन्छ ।

छोटो उत्तरात्मक प्रश्नका स्वरूप अन्तर्गत कारण दिने, परिभाषा दिने उदाहरण दिने, फरक देखाउने, सामान्य स्मृति, टिप्पणी देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने र को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने खालका प्रश्नहरू रहनु पर्ने (वाग्ले र पौडेल, २०६१, पृ.१९२) उल्लेख गरिएको छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा भने कारण दिने उदाहरण दिने, फरक देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने र को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने खालका मात्र प्रश्नहरू समावेश गरिएका छन् । परिभाषा दिने, सामान्य स्मृति, टिप्पणी देखाउने प्रकारका प्रश्नहरू समावेश गरिएको पाइँदैन ।

**सारांश**

अनुसन्धानका लागि छनोट गरिएका सम्पूर्ण मानिस एवम् वस्तुहरूको समूहलाई नै अध्ययनको जनसङ्ख्या भनिन्छ । ठूलो जनसङ्ख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूहलाई नमुना भनिन्छ । अध्ययनको जनसङ्ख्याबाट नमुना छनोट गर्दा जुन प्रक्रिया अपनाइन्छ त्यसलाई नमुना छनोट भनिन्छ ।

प्रश्नका स्वरूपको आधारलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

क) वस्तुगत प्रश्न

ख) विषयगत प्रश्न

क) वस्तुगत प्रश्न : उत्तरमा सङ्केत वा शब्द वा चिन्हको मात्र प्रयोग हुने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । वस्तुगत प्रश्न सामान्यतः चार प्रकारका हुन्छन् । ती हुन् : बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, ठिक बेठिक छुट्याउने प्रश्न, जोडा मिलाउने प्रश्न ।

ख) विषयगत प्रश्न : विषयगत प्रश्न भनेको विद्धार्थीले कुनै पनि प्रश्नको उत्तरमा आफ्नो मौलिक विचार र भावनाहरूको प्रदर्शन गरी लामो तथा छोटो रूपमा उत्तर दिनु हो । विषयगत प्रश्नले विद्धार्थीहरूको मौलिक विचार, भाषा शैली, लेखन शैली, व्याख्या गर्ने, विश्लेषण गर्ने, सङ्गठन गर्ने शैली

आदिको मापन गर्ने गर्दछ । विषयगत प्रश्न अन्तर्गत निबन्धात्मक प्रश्न र सङ्क्षिप्त उत्तरात्मक प्रश्न पर्दछन् ।

## अध्याय : चार

## अभ्यासका आधारमा कक्षा नौको नेपाली पाठ्य पुस्तक

यस अध्यायमा कक्षा नौको भाषा पाठ्य पुस्तकमा समावेश भएका अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् कि छैनन् ? विधा अनुरूप छन् कि छैनन् ? व्याकरणको के कस्तो स्थिति रहेको छ ? भन्ने विषयमा प्राप्त तथ्याङ्कका आधारमा व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### प्रश्नको स्वरूपका आधारमा अभ्यास

भाषा शिक्षणका प्रश्नहरूमा विषयगत र वस्तुगत हुन्छन् । विषयगत प्रश्न अन्तर्गत लामो उत्तर आउने वा निबन्धात्मक र छोटो उत्तर हुने वा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् । वस्तुगत प्रश्न अन्तर्गत बहु वैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने जस्ता प्रश्नहरू पर्दछन् ।

कक्षा नौको पाठ्यक्रमका उद्देश्य पुरा गर्न पाठ्य पुस्तकमा रहेका अभ्यासहरूलाई स्वरूपगत आधारमा निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

## तालिका सङ्ख्या - ४.१ पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरण

| क्र.स. | पाठशीर्षक | विधा | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | निबन्धात्मक प्रश्न | व्याकरण अभ्यास | वाक्यमा प्रयोग गर्ने | शुद्ध उच्चारण गर्ने | अर्थ भन्ने | मौखिक उत्तर दिने | जोडा मिलाउने | खाली ठाउँ भर्ने | सिर्जनात्मक अभ्यास | सच्याएर सार्ने | सस्वर वाचन गर्ने | वाचन गर्ने | बहुवैकल्पिक प्रश्न | सङ्क्षेपीकरण | बुँदा टिपोट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वसन्त | कविता | ४ | २ | ३४ | ६ | ६ | ५ | ५ | – | ६ | १ | – | – | १ | – | – | – |
| २ | शिशिर र वसन्तको कथा | कथा | १२ | ५ | २९ | १० | १४ | १० | – | – | ५ | २ | १ | – | – | – | – | – |
| ३ | हाम्रो देश हाम्रा अतिथि | निबन्ध | १८ | ५ | २१ | ९ | ८ | ११ | – | – | – | १ | १ | १ | – | – | १ | – |
| ४ | भान्जालाई चिठी | चिठी | ७ | ४ | २१ | ५ | – | ७ | – | – | – | २ | १ | – | १ | – | – | – |
| ५ | साहित्यकार पारिजात | जीवनी | २२ | ५ | २२ | ९ | १५ | – | – | १० | – | १ | १ | १ | – | – | १ | – |
| ६ | मानिस सबै एकै हौं | संवाद | १० | ५ | ७ | १७ | १० | १२ | – | १० | – | १ | १ | १ | – | – | – | – |
| ७ | भिखारी | कविता | १० | ४ | ४ | १० | १० | ११ | – | – | – | २ | | – | १ | – | – | – |
| ८ | भविष्य निर्माण | कथा | १० | २ | १४ | १० | १० | १० | – | – | – | १ | | – | – | – | – | – |
| ९ | भीमसेन थापा | जीवनी | १६ | ३ | ३३ | १० | – | ९ | ८ | – | – | १ | १ | – | – | – | – | – |
| १० | मौरीपालन | निबन्ध | ९ | ४ | १६ | ९ | १५ | ९ | २ | ६ | – | १ | | – | – | – | – | १ |
| ११ | उपत्यकामा चार दिन | दैनिकी | – | ५ | ३ | – | – | ९ | १० | – | ५ | १ | | – | – | – | – | |
| १२ | स्वामी विवेकानन्द | जीवनी | ५ | ४ | ३१ | ५ | १० | – | – | – | – | २ | १ | – | – | – | – | – |
| १३ | अपाङ्गताहरूप्रति हाम्रो दायित्व | वक्तृत्व | ५ | २ | – | ५ | १७ | ५ | ५ | – | – | २ | – | – | – | – | – | १ |
| १४ | सत्य सन्देश | कविता | ६ | ४ | – | १४ | – | १३ | – | – | – | – | – | – | १ | – | – | – |
| १५ | खड्ग बहादुर | कथा | १२ | ४ | ५ | १० | ८ | १० | – | – | – | – | – | – | – | – | – | – |
| १६ | वनविनाश रोकौं | निवेदन | ५ | ४ | ३ | – | – | – | ९ | – | १४ | – | – | – | – | ३ | – | – |
| १७ | चार्ल्स डार्विन | जीवनी | १० | ४ | ३ | १० | १० | १० | – | १० | – | १ | १ | १ | – | – | – | – |
| | | जम्मा | १६१ | ६६ | २४६ | १३९ | १३३ | १२२ | ४५ | ३६ | ३० | २१ | ८ | ४ | ४ | ३ | ३ | २ |
| | | प्रतिशत | १५.९१ | ६.५२ | २४.३१ | १३.७४ | १३.१४ | १२.०६ | ४.४५ | ३.५७ | २.९६ | २.०८ | ०.८० | ०.४० | ०.४०.३० | ०.३० | ०.३० | ०.२० |

कक्षा नौको पाठ्य पुस्तकमा जम्मा प्रश्न सङ्ख्या १०१२ ओटा रहेका छन् । यसमध्ये सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको सङ्ख्या १६१ (१५.९१%) रहेको छ । त्यसैगरी निबन्धात्मक प्रश्नको सङ्ख्या ६६ (६.५२%), व्याकरण अभ्यासका प्रश्न सङ्ख्या २४६ (२४.३१%), वाक्यमा प्रयोग गर्ने प्रश्न सङ्ख्या १३९ (१३.७४%), शुद्ध उच्चारण गर्ने प्रश्नको सङ्ख्या १३३ (१३.१४%), अर्थ भन्ने प्रश्नको सङ्ख्या १२२ (१२.०६%), मौखिक रूपमा उत्तर दिने प्रश्नको सङ्ख्या ४५ (४.४५%) ओटा, जोडा मिलाउने प्रश्नको सङ्ख्या ३६ (३.५७%) ओटा, खाली ठाउँ भर्ने प्रश्नको सङ्ख्या ३० (२.९६%) ओटा, सिर्जनात्मक अभ्यासका लागि दिइएका प्रश्नको सङ्ख्या ८ (०.८०%) ओटा, सस्वर वाचन गर्ने प्रश्नको सङ्ख्या ३  (४.४०%) ओटा, वाचन गर्ने प्रश्नको सङ्ख्या २ (०.२०%) ओटा रहेका छन् र बहु वैकल्पिक प्रश्न ३ (०.३०%) ओटा छन् । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा जम्मा १६ प्रकारका प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासहरूको अध्ययन गर्दा अभ्यासमा विविधता देखिन्छ । माध्यमिक तहमा भाषिक व्यवहार र क्षमता अभिवृद्धि गर्न स्वतन्त्र रचना एवम् शब्द भण्डार बृद्धि गर्ने अभ्यासको निर्माण गर्नुपर्ने मान्यता अनुरूप नै प्रश्नहरू निर्माण भएका देखिन्छन् ।

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सङ्क्षिप्त उत्तरात्मक प्रश्न निबन्धात्मक प्रश्न, शब्द निर्माण सम्बन्धि प्रश्न, शब्दार्थ, शुद्धोच्चारण, मौखिक प्रश्न, वस्तुगत प्रश्न सृजनात्मक अभ्यास, सच्चाएर सार्ने, सङ्क्षेपीकरण गर्ने, बुदाँ टिप्पोट गर्ने, सस्वर वाचन गर्ने आदि खालका प्रश्नहरू अभ्यासमा समावेश भएको पाइन्छ ।

कक्षा नौको पाठ्य पुस्तकमा रहेका अभ्यासहरूको स्वरूपलाई उदाहरणका रूपमा निम्नानुसार देखाउन सकिन्छ :

सङ्क्षिप्त प्रश्न :  सङ्क्षिप्त प्रश्नको नमुना यस प्रकार रहेको छ :

> *'शिशिर र वसन्तको कथा' मा सौतेनी आमाको निठुरीपनलाई कुन रूपमा देखाइएको छ ? (पृ.२२, प्र.नं. ११ को क)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू समावेश भएको पाइन्छ ।

निबन्धात्मक प्रश्न : निबन्धात्मक प्रश्नको नमुना यस प्रकार छ :

> *'हाम्रो देश : हाम्रा अतिथि' निबन्धले देशको सौन्दर्य र हाम्रो आतिथ्य सत्कारलाई कसरी प्रस्तुत गरेको छ, विवेचनात्मक रूपमा उल्लेख गर्नुहोस् (निबन्धात्मक) । (पृ.३५, प्र.नं. १३)*

निबन्धात्मक प्रश्न कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समावेश भएको पाइन्छ ।

शब्द निर्माण सम्बन्धि प्रश्न : शब्द निर्माण सम्बन्धि प्रश्नको नमुना यस प्रकार छ :

*खड्ग बहादुर कथामा प्रयुक्त उपसर्ग लागेका पाँचओटा र प्रत्यय लागेका पाँचओटा शब्द टिपोट गरी बनोट प्रक्रिया देखाउनुहोस् (व्याकरण) । (पृ.१५५, व्याकरण खण्डको प्र.नं. क)*

शब्द निर्माण सम्बन्धि प्रश्न पाठ्य पुस्तकमा राखिएको छ ।

शब्दार्थ : शब्दार्थ सम्बन्धि प्रश्नको नमुना यस प्रकार रहेको छ :

*वाक्यमा प्रयोग गर्नुहोस् : (पृ.१००, प्र.नं. ५) ।*

*जादु, रेखदेख, लाभ, पराग, ग्रन्थी, आत्मरक्षा*

पाठ्य पुस्तकमा शब्दार्थ सम्बन्धि प्रश्न समावेश भएको पाइन्छ ।

शुद्धोच्चारण : शुद्धोच्चारण गर्ने प्रश्नको नमुना यस प्रकार छ :

*स्मरणशक्ति, अभिव्यक्ति, आध्यात्मिक, प्रत्युत्पन्न, मुक्तकण्ठ (पृ. १२०, प्र.न. ५) ।*

शुद्धोच्चारण गर्ने प्रश्न कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएको छ ।

शब्दार्थ : शब्दार्थको लागि पाठ्य पुस्तकमा दिइएको अभ्यासको नमुना यस प्रकार छ :

*राजधानी, गाँज्नु, भिन्नता, मौलिक, अतिथि, नागरिक । (पृ. ४२, प्र.नं. ५) ।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा अर्थ भन्ने प्रश्न समावेश गरिएको छ ।

मौखिक प्रश्न : मौखिक उत्तर दिने प्रश्नको नमुना यस प्रकार छ :

- *पार्वतीले आफ्नो छोरो नरेशलाई कस्तो मानिस बनाउने सपना देखेकी थिइन् ?*
- *कप्तान कृष्ण बहादुरको पाखुरामा के को दाग थियो ?(पृ. ८०, प्र् नं. १ को क र ग) ।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा मौखिक उत्तर दिने प्रश्न समावेश गरिएको छ ।

वस्तुगत प्रश्न : वस्तुगत प्रश्न अन्तर्गत पर्ने जोडा मिलाउने प्रश्नको नमुना यस प्रकार छ :

*जोडा मिलाउनुहोस् : (पृ. ५३, प्र.नं. २) ।*

| | |
|---|---|
| *शिरीषको फूल* | *कथा सङ्ग्रह* |
| *छेकुडोल्मा* | *बहिनी* |
| *सुकन्या* | *लामाले राखेको नाउँ* |
| *मेरिल्यान्ड* | *रोग* |

| | |
|---|---|
| *अमृत मोक्तान* | *वि.सं. २०२२* |
| *एथ्राइटिज* | *विश्वविद्यालय* |
| *सडक र प्रतिभा* | *कविता संग्रह* |
| *मदन पुरस्कार* | *आमा* |
| *बैंसालु वर्तमान* | *आत्मसंस्मरण* |
| *अध्ययन र सङ्घर्ष* | *उपन्यास* |

जोडा मिलाउने प्रश्न कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएको छ। प्रतिक्रिया र उद्दिपक स्तम्भमा प्रश्न बराबरी राखिएको छ।

वस्तुगत प्रश्न : वस्तुगत प्रश्न अन्तर्गत पर्ने खाली ठाउँ भर्ने प्रश्नको नमुना यस प्रकार छ :

*खाली ठाउँमा कोष्ठमा दिइएका मध्ये मिल्ने चाँहि शब्द छानेर भर्नुहोस्। (पृ. १११, प्र.नं. ४ को ग र घ)।*

- *हामीले मन्दिरको .................... ढोकाबाट पशुपतिनाथको दर्शन गर्‍यौं। (पश्चिम, पूर्वी, उत्तर)*
- *हनुमान ढोकाको नजिकै ..................... को मन्दिर रहेछ। (कुमारी, बूढानीलकण्ठ, स्वयम्भू)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा खाली ठाउँ भर्ने प्रश्न समावेश गरिएको छ।

सिर्जनात्मक अभ्यास : सिर्जनात्मक अभ्यासको नमुना यस प्रकार छ :

*'मानवतावाद' भन्ने विषयमा कक्षामा छलफल गरी आएका निष्कर्षका आधारमा १०० शब्दसम्मको एउटा अनुच्छेद तयार पारी शिक्षकलाई देखाउनुहोस्। (पृ. ७४ सिर्जनात्मक अभ्यासको प्र.नं. क)।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सिर्जनात्मक अभ्यास समावेश गरिएको छ।

सच्याएर सार्ने : सच्याएर सार्ने प्रश्नको नमुना यस प्रकार छ :

*प्रणाम बिनाका कुरो शते हुन शक्तैनन्।*

*सच्याएर सार्ने प्रश्न कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समावेश गरिएको छ। (पृ. ६४,प्र.नं. ८)*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सच्चाएर सार्ने अभ्यास समावेश गरिएको छ।

सस्वर वाचन : सस्वर वाचन प्रश्नको नमुना यस प्रकार छ :

*पाठको छैठौं अनुच्छेद सस्वर वाचन गर्नुहोस् र अर्थ नजानेका शब्द टिपी शब्दकोशमा अर्थ खोजेर वाक्यमा प्रयोग गर्नुहोस्। (पृ. १६८, प्र.नं. १०)।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा सस्वर वाचन गर्ने प्रश्न समावेश भएको पाइन्छ। यी प्रश्नहरु विद्धार्थीले सहजै गर्न सक्ने प्रकृतिका देखिन्छन्।

वस्तुगत प्रश्न : वस्तुगत प्रश्न अन्तर्गत पर्ने बहुवैकल्पिक प्रश्नको नमुना यस प्रकार छ :

*तल दिइएका मध्ये नमिल्नेमा (√) चिन्ह लगाउनुहोस् : (पृ. १५८, प्र.नं. १)।*

*क) बजङ्गलको विनाशबाट*

- ☐ *चारैतिर हरियाली हुन्छ।*
- ☐ *बहुमूल्य काठहरू देख्न पाईदैनन्।*
- ☐ *वन्य पशुपक्षीहरू लोप हुन्छन्।*
- ☐ *अतिवृत्ति र अनावृष्टिको मार खप्नुपर्छ।*

नेपाली भाषा पाठ्य पुस्तकमा वहुवैकल्पिक प्रश्न राखिएको छ। यस प्रश्नको निर्देशनमा तल दिइएका मध्ये नमिल्नेमा (√) चिन्ह लगाउनुहोस् भनिएको छ। विद्धार्थीको स्तरभन्दा अति नै सरल प्रश्न रहेको देखिन्छ।

सङ्क्षेपीकरण गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेको सङ्क्षेपीकरण गर्ने प्रश्नको नमुना यस प्रकार छ :

*पाठको दोस्रो अनुच्छेदलाई एकतृतीयांशमा सङ्क्षेपीकरण गरी उपयुक्त शीर्षक दिनु होस्। (पृ. ३४, प्र. नं. ८)।*

पाठ्य पुस्तकमा सङ्क्षेपीकरण गर्ने प्रश्न राखिएको छ। पाठको दोस्रो अनुच्छेदलाई एक तृतियांशमा सङ्क्षेपीकरण गरी उपयुक्त शिर्षक दिनुहोस् भनिएको छ। अभ्यासमा सो अनुच्छेद उल्लेख गरिएको छैन।

वाचन गर्ने : कक्षा नौको नेपाली पाठ्य पुस्तकमा रहेको वाचन गर्ने प्रश्नको नमुना यस प्रकार रहेको छ :

*'वसन्त' कविता लय हालेर वाचन गर्नुहोस्। (पृ. २, प्र.नं १)।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा वाचन गर्ने प्रश्न समावेश गरिएको छ।


बुँदा टिपोट : बुँदा टिपोट गर्ने प्रश्नको नमुना यस प्रकार रहेको छ :

*'राष्ट्रनिर्माणमा युवाहरूको दायित्व' भन्ने शीर्षकको वक्तृत्वकला प्रतियोगितामा भाग लिनका लागि मुख्य मुख्य बुँदाहरू तयार पार्नुहोस्। (पृ. १२९, प्र.नं. ३)।*

कक्षा नौको नेपाली पाठ्य पुस्तकमा बुँदा टिपोट गर्ने प्रश्न समावेश गरिएको छ। पाठका आधारमा बुँदा टिपोट गर्न विद्धार्थीहरूले सजिलै गर्न सक्ने खालको देखिन्छ।

पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरणको आधारमा अभ्यासहरूको प्रतिशतलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## वृत्त चित्र सङ्ख्या ४.१ पाठ्य पुस्तकमा रहेको अभ्यासको वृत्त चित्र



## पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासको विश्लेषण

पाठ्यक्रमको उद्‌देश्य प्राप्तिको लेखाजोखा गर्नका लागि अभ्यासको निर्माण गरिएको हुन्छ। अभ्यासहरू उद्‌देश्य अनुरूप हुनु पर्दछ। यस अध्यायमा पाठ्यक्रम अनुरूपका आधारमा अभ्यासको विश्लेषण गरिएको छ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा वि.सं. २०६४ मा प्रकाशित कक्षा नौको नेपाली भाषा पाठ्यक्रममा रहेका विशिष्ट उद्‌देश्यहरू निम्नानुसार रहेका छन् :

**सुनाइ र बोलाइ**

१. हाउभाउ, चेष्टा, आघात, लय, अभिनय आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोहीअनुसार मौखिक रूपमा व्यक्त गर्न,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. आफूले देखेसुनेका र पढेका विषय वस्तु, वातावरण तथा घटनाका विषयबारेमा सिलसिला मिलाई व्यक्त गर्न,

४. विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न,

५. कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृता, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्शाउन,

६. आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन,

७. सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गरी बोल्न,

८. मौखिक रूपमा अभिव्यक्त भएका विषय वस्तु बुझी मुख्यमुख्य कुरा आफ्ना शब्दमा भन्न।

*(कक्षा नौको पाठ्यक्रम, २०६४)*

पाठ्यक्रममा निर्धारित विशिष्ट (सुनाइ र बोलाइ) उद्देश्यहरूसँग सम्बन्धित पाठ्य पुस्तकका अभ्यासहरूलाई नमुनाका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. हाउभाउ, चेष्टा, आघात, लय, अभिनय आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोहीअनुसार मौखिक रूपमा व्यक्त गर्न : हाउभाउ, चेष्टा, आघात, लय, अभिनय आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोहीअनुसार मौखिक रूपमा व्यक्त गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

*पूर्णकला, विरमान र दाताराम बनेर अभिनयसहित माथिको संवाद पालैपालो पढ्नुहोस् । ( पृ.६४, प्र.नं. ३)*

उद्देश्य अनुरूप कक्षा नौको पाठ्य पुस्तकमा प्रश्न समावेश भएको पाइन्छ ।

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न : शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

*तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् : (पृ.७३, प्र.नं. ३)*

*दृष्टि, झुत्रा, निष्ठुर, झल्लर, अस्थिर, अन्तर्दिल, अँध्यारो, आर्तध्वनि, करूणामृत*

उद्देश्य अनुरूप कक्षा नौको पाठ्य पुस्तकमा प्रश्न समावेश भएको पाइन्छ ।

३. आफूले देखेसुनेका र पढेका विषय वस्तु, वातावरण तथा घटनाका विषयबारेमा सिलसिला मिलाई व्यक्त गर्न : आफूले देखेसुनेका र पढेका विषय वस्तु, वातावरण तथा घटनाका विषयबारेमा सिलसिला मिलाई व्यक्त गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

*तपाइँले सुनेका वा पढेका दन्त्य कथा (लोककथा) मध्ये आफूलाई मन परेको कुनै एउटा रोचक दन्त्यकथा कक्षामा सुनाएर त्यसबाट पाँचओटा बोधप्रश्नहरू बनाउनुहोस् । (पृ.२२, सिर्जनात्मक अभ्यास क)*

यस उद्देश्यलाई पूर्ति गर्नका लागि पाठ्य पुस्तकको पृ. नं. २२ को सिर्जनात्मक अभ्यास क मा अभ्यास राखिएको पाइन्छ । यस्ता प्रश्नहरूले विद्धार्थीको सिर्जनात्मक क्षमताको विकास गर्ने देखिन्छ ।

४.	विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न : विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइँदैन । यस उद्देश्य पूर्ति गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास राख्नु पर्ने देखिन्छ ।

५.	कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृता, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्शाउन कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृता, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्शाउन उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

तलका शीर्षकहरूमा वक्तृतात्मक अभिव्यक्ति तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् : (पृ.१२९, प्र.नं. २)

क)	स्वस्थ जीवनका रहस्यहरु

ख)	प्राकृतिक प्रकोपको न्यूनीकरण

ग)	नेपाली हुनाको गौरव

पाठमा उल्लेख भए अनुसार पहिलो दिनको दैनिकी पढी पशुपति क्षेत्रको वातावरणीय प्रदुषणका कारणबारे कक्षामा सामूहिक छलफल गर्नुहोस् । (पृ.१११, प्र.नं. १),

माथिको उद्देश्य अनुसार कुराकानी र संवाद गर्नका लागि अभ्यासमा प्रश्नहरू समावेश गरिएको पाइँदैन भने प्रश्नोत्तर, वक्तृता, छलफल मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्शाउनका लागि अभ्यासहरू राखिएको पाइन्छ ।

६.	आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन : आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

*कर्म तथा भाववाच्यका क्रियापदहरूको प्रयोग गरी आफूले घुमेको कुनै एक रमणीय स्थलको वर्णन गर्नुहोस् । (पृ.९४, व्याकरण अभ्यास च),*

उद्देश्य अनुसार सिर्जनात्मक प्रकृतिको अभ्यास रहेको देखिन्छ ।

७.	सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गरी बोल्न : सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न भनी उद्देश्य राखिएको छ तर यस उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा

अभ्यास राखिएको पाइएन । विद्धार्थीहरूमा उखान टुक्काको प्रयोग गरी बोल्न बानी गराउन पर्नेमा जोड दिनु पर्ने देखिन्छ ।

८. मौखिक रूपमा अभिव्यक्त भएका विषय वस्तु बुझी मुख्यमुख्य कुरा आफ्ना शब्दमा भन्न : मौखिक रूपमा अभिव्यक्त भएका विषय वस्तु बुझी मुख्यमुख्य कुरा आफ्ना शब्दमा भन्न भन्ने उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको देखिन्छ :

*हरियो वन नेपालको धन भन्ने उक्तिलाई सार्थक रूप दिन गर्ने उपायहरू के के हुन् ? (पृ.१५८, प्र.नं. २ को ङ)*

माथिको उद्देश्य अनुरूप कक्षा नौको पाठ्य पुस्तकमा अभ्यास समावेश भएको पाइन्छ ।

**पढाइ**

१. गति, यति र लय मिलाई लिखित सामग्री शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
२. लिखित सामग्री मौनवाचन गरी पढाइको गति विकास गर्न,
३. मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषय वस्तुहरू पढन,
४. विभिन्न पाठ तथा तिनका विशिष्ट अंश व्याख्या/सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न,
५. विभिन्न विषय वस्तु पढी शब्द भण्डार वृद्धि गर्न,
६. विभिन्न प्रयोजनका लागि लिखित सामग्री पढ्न ।

*(कक्षा नौको पाठ्यक्रम, २०६४)*

पाठ्यक्रममा निर्धारित विशिष्ट (पढाइ) उद्देश्यहरूसँग सम्बन्धित पाठ्य पुस्तकका अभ्यासहरूलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१) गति, यति र लय मिलाई लिखित सामग्री शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न : गति, यति र लय मिलाई लिखित सामग्री शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*'भिखारी' कविता गति, यति र लय मिलाएर वाचन गर्नुहोस् । (पृ.७३, प्र.नं. २)*

गति, यति र लय मिलाई लिखित सामग्री शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास दिइएको छ । यसबाट विद्धार्थीहरूमा कविता वाचन गर्ने बानीको विकास हुन्छ ।

२) लिखित सामग्री मौनवाचन गरी पढाइको विकास गर्न : लिखित सामग्री मौनवाचन गरी पढाइको विकास गर्ने भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*भान्जालाई चिठी मौनवाचन गरी तलका प्रश्नहरूको उत्तर दिनु होस् : (पृ. ४२, प्र.नं. १)*

*क) यो चिठी के विषयमा लेखिएको छ ?*

*ख) यो चिठी कसले कसलाई लेखेको हो ?*

*ग) घरायसी चिठीमा मिति र ठेगाना कहाँ लेखिँदो रहेछ ?*

*घ) भान्जाले मामालाई चिठी लेख्दा कस्तो सम्बोधन गर्नुपर्छ र समापन कसरी गर्नुपर्छ ?*

माथिको उद्देश्य अनुसार विद्धार्थीहरूले सहजै उत्तर मिलाउन सक्ने प्रकृतिका प्रश्नहरु देखिन्छन् ।

३) मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषय वस्तुहरू पढ्न : मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहरू पढ्न भन्ने उद्देश्य पढाइ सिप अन्तर्गत राखिएको छ । तर यस उद्देश्यलाई पुरा गर्नका लागि पाठ्य पुस्तकका कुनै पनि पाठमा अभ्यास दिइएको पाइँदैन ।

४) विभिन्न पाठ तथा तिनका विशिष्ट अंश व्याख्या/सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न सक्ने गरी पढ्न : विभिन्न पाठ तथा तिनका विशिष्ट अंश व्याख्या/सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न सक्ने गरी पढ्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको

छ :

*सप्रसङ्ग सहित व्याख्या गर्नुहोस् : (पृ.१४१, प्र.नं. ८ को क)*

*पत्नीको प्रेम दोषी, अमृतमय मीठा वेदका वाक्य दोषी,*

*यो सारा सृष्टि दोषी, विधिवश छ भने आफ्नू दृष्टि दोषी*

*विवेचनात्मक उत्तर दिनु होस् : (पृ.७४, प्र.नं. ८ को क)*

*'भिखारी' कवितामा कविले भिखारीलाई समाजको कस्तो वर्गका रूपमा चित्रण गरेका छन् ?*

माथिको उद्देश्य अनुसार विशिष्ट अंशको व्याख्या/सप्रससङ्ग व्याख्या एवम् विवेचना गर्नका लागि पाठ्य पुस्तकमा अभ्यासहरू गरिएको पाइन्छ । यसबाट विद्धार्थीहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्ने क्षमताको विकास हुने देखिन्छ ।

५. विभिन्न विषय वस्तु पढी शब्द भण्डार बृद्धि गर्न : विभिन्न विषय वस्तु पढी शब्द भण्डार बृद्धि गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*तलका शब्दहरूका एक भन्दा बढी अर्थ भन्नुहोस् : (पृ.७५, प्र.नं.ख, व्याकरण अभ्यास)*

*कल, काल, टीका, तर, ताल, दर, मास, साँचो, साल, हार*

यस प्रकारका प्रश्नको उत्तर विद्धार्थीहरूले सजिलै दिन सक्ने देखिन्छ ।

६. विभिन्न प्रयोजनका लागि लिखित सामग्री पढ्न : विभिन्न प्रयोजनका लागि लिखित सामग्री पढ्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*तलको अनुच्छेद पढी, नामयोगीमा रेखाङ्कन गर्नुहोस् : (पृ.२७, व्याकरण अभ्यासको च)*

नेपालका बराहक्षेत्र, मुक्तिक्षेत्र, लुम्बिनी जस्तै विभिन्न सांस्कृतिक तथा धार्मिक स्थलहरूमध्ये मध्यतराई प्रदेशमा पर्ने जनकपुरधाम पनि एक प्रसिद्ध तीर्थस्थल हो । जनकपुरधाम नेपालको राजधानी काठमाडौंदेखि पूर्वतर्फ तराई क्षेत्रमा पर्दछ । यसै सहरमा नेपालका प्रसिद्ध मन्दिरहरूमध्ये एक टिकमगढकी महारानीद्वारा निर्मित जानकीमन्दिर अवस्थित छ । सहरको बीच भागमा रहेको यो मन्दिर यहाँको मुख्य आकर्षण नै हो । यहाँ यो मन्दिर मात्र नभई अन्य धेरै मन्दिरहरू पनि छन् । यसको उत्तरतिर छेवैमा विवाह मण्डप छ । त्यहाँ राम र जानकी, भरत र माण्डवी, लक्ष्मण र उर्मिला, शत्रुध्न र श्रुतकीर्तिसहितका धेरै मूर्तिहरू पनि छन् । जानकीमन्दिरको दक्षिणपूर्वपट्टि केही पर राममन्दिर छ । यी मन्दिरहरूबाहेक जनकपुरमा अनेकौं तालतलैयाहरू पनि छन् । राममन्दिरअगाडि गंङ्गासागर नामको तलाउ छ, जहाँ भक्तजनहरू स्नान गरी श्रद्धाभक्तिपूर्वक राम र जानकीको पूजाअर्चना गर्दछन् ।

माथिको उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास दिइएको देखिन्छ ।

**लेखाइ**

१. वर्ण विन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा र स्पष्टसँग लेख्न,
२. विभिन्न विषयहरूमा स-साना अनुच्छेद लेख्न,
३. आफूले देखेसुनेका घटना र पढेका विषय वस्तुका बारेमा वर्णन गर्न,
४. मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न,

५. विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न,

६. व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न,

७. दैनिकी, संवाद, वक्तृता र निबन्ध लेख्न,

८. प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न,

९. लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न ।

*(कक्षा नौको पाठ्यक्रम, २०६४)*

पाठ्यक्रममा निर्धारित विशिष्ट (लेखाइ) उद्देश्यहरूसँग सम्बन्धित पाठ्य पुस्तकका अभ्यासहरूलाई नमुनाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१) वर्ण विन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा र स्पष्टसँग लेख्न : वर्ण विन्यास हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा र स्पष्टसँग लेख्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*तलको वाक्य सच्याएर कापीमा सार्नुहोस् : (पृ.३४,प्र.नं.७)*

*अनउठो समिकरन छ हामी सँग मका मदीना छ जेरूसेलम छ लुम्वीनि छ बनारस छ बिस्व छ ।*

माथिको उद्देश्य अनुरूप लेखाइ सिप विकास गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास राखिएको छ ।

२) विभिन्न विषयहरूमा स-साना अनुच्छेद लेख्न : विभिन्न विषयहरूमा स-साना अनुच्छेद लेख्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*"चाडपर्वमा अनावश्यक खर्च गर्नु हुँदैन" भन्ने विषयमा करण र अकरण क्रियापद प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् (पृ.९, व्याकरण अभ्यासको ङ)*

यस उद्देश्य पूर्ति गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास राखिएको छ । यस्ता अभ्यासहरू विद्धार्थीले सहजै गर्न सकिने देखिन्छ ।

३) आफूले देखेसुनेका घटना र पढेका विषय वस्तुका बारेमा वर्णन गर्न : आफूले देखेसुनेका घटना र पढेका विषय वस्तुका बारेमा वर्णन गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास दिइएको पाइन्छ :

*सामान्य भविष्यत्का क्रियापद प्रयोग गरी मन पर्ने खेलको वर्णन गर्नुहोस् । (पृ. ४६, व्याकरण अभ्यासको ङ)*

प्रस्तुत उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास दिइएको पाइन्छ । दिइएको अभ्यासले विद्धार्थीहरूको बौद्धिक क्षमताको विकास हुने देखिन्छ ।

४) मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न : मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदाटिपोट गर्न र सारांश लेख्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*संवादमा उल्लेख भएका गहकिला तर्कहरूलाई बुँदागत रूपमा लेख्नुहोस् । (पृ.६५, प्र.नं.१२)*

*शिशिर र वसन्त कथाको कथासार लेख्नुहोस् । (पृ. २२, प्र.नं.१३)*

मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदा टिपोट गर्न र सारांश लेख्नका लागि पाठ्य पुस्तकमा अभ्यास राखिएको छ । यस प्रकारको अभ्यास विद्धार्थीले सहजै गर्न सक्ने देखिन्छ ।

५) विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न : विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*पारिजात एक विशिष्ट नारी प्रतिभा हुन् भन्ने कुरालाई पुष्टि गर्नुहोस् । (पृ.५५, प्र.नं. १४ को क)*

*सप्रसङ्ग व्याख्या गर्नुहोस् : (पृ.३,प्र.नं.११ को क)*

*नवीनता नाच्दछ पुष्पपुञ्जमा,*
*कुहूकुहू कोकिल बोल्छ कुञ्जमा*

*समाजमा छुवाछुतप्रथा हटाउन के के गर्नुपर्ला ? कारण सहित विवेचना गर्नुहोस् । (पृ.६५, प्र.नं.१३)*

माथिको उद्देश्यलाई पुरा गर्नका लागि पाठ्य पुस्तकमा अभ्यास समावेश गरिएको पाइन्छ । पाठ अनुसार यस अभ्यासलाई विद्धार्थीले सहजै उत्तर मिलाउन सक्नेछन् र यस अभ्यासबाट उनीहरूको विवेचना गर्न सक्ने क्षमताको विकास हुने देखिन्छ ।

६. व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न : व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*आफ्नो टोलको बिग्रँदो सामाजिक वातावरणमा सुधार गर्न आवश्यक सुझावहरू समावेश गर्दै टोल सुधार समितिका प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् । (पृ.१५९, प्र.नं.७)*

*धन कमाउने उद्देश्यले विदेश जान लागेको आफ्नो साथीलाई स्वदेशमै बसेर काम गर्ने सल्लाह दिँदै एउटा चिठी लेख्नुहोस् । (पृ. ४२, प्र.नं.७)*

*विद्यालयको अतिरिक्त क्रियाकलापसम्बन्धी प्रतियोगितामा पुरस्कार वितरण गरिदिन जिल्ला शिक्षा अधिकारीलाई लेख्ने निमन्त्रणाको नमुना तयार पार्नुहोस् । (पृ.४३,. सिर्जनात्मक अभ्यासको ख)*

माथिका उदेद्श्यमा व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न भनी राखिएको छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा निवेदन, चिठी, निमन्त्रणा लेख्ने जस्ता अभ्यासहरू समावेश गरिएका छन् तर शुभकामना लेखनका लागि कुनै पनि पाठमा अभ्यास समावेश गरिएको पाईंदैन ।

७) दैनिकी, संवाद, वक्तृता र निबन्ध लेख्न : दैनिकी, संवाद, वक्तृता र निबन्ध लेख्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*तलका सन्दर्भ र प्रसङ्गमा आफ्नो सहभागिता देखाई एकएक दिनको दैनिकी लेख्नुहोस् : (पृ.१११, प्र.नं.६)*

*क) विद्यालयद्वारा आयोजना गरिएको कुनै कार्यक्रम*

*ख) आफूले देखेको कुनै एउटा जात्रा वा मेला*

*ग) प्राकृतिक सौन्दर्यका दृष्टिले अत्यन्त रमणीय ठाउँको भ्रमण*

*घ) अन्तर विद्यालय स्तरीय फुटबल प्रतियोगिता*

*ङ तपाइँको धार्मिक यात्रा*

*तलका कुनै एक विषयमा संवाद लेख्नुहोस् (पृ.६५,सिर्जनात्मक अभ्यास)*

*क)  समावेशी समाजको निर्माण*

*ख)  समाजमा शिक्षाको महत्त्व*

*ग)  समाजसुधारमा हाम्रो भूमिका*

*तलका शीर्षकहरूमा वक्तृतात्मक अभिव्यक्ति तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् : ( पृ.१२९,प्र.नं.२)*

*क)  स्वस्थ जीवनका रहस्यहरू*

*ख)  प्राकृतिक प्रकोपको न्यूनीकरण*

*ग)  नेपाली हुनाको गौरव*

*तल दिइएका बुँदाहरूको आधारमा निबन्ध लेख्नुहोस् : (पृ.३५,सिर्जनात्मक अभ्यासको क)*

*क) तराई, पहाड, खोला, भीरपाखा, पखेरासँग लडभिड गर्दा प्रकृतिले नेपालीलाई बहादुर बनाएको*

*ख) विश्वभर वीर, बहादुर भनेर ख्यातिप्राप्त गरेका नेपालीहरूको स्वाभिमानी रहेका*

*ग) विश्वास र नैतिकताका आडमा बाँच्ने*

*घ) अतिथि सत्कार, धर्म, परम्पराप्रति विश्वास राख्ने*

*ङ) कर्मशील जीवन, काममा रमाउने बानी भएका*

*च) उकाली, ओराली, भञ्ज्याङ चौतारी र फाँटको समष्टि रूपलाई नेपाल ठान्ने*

*छ) पारस्परिक सहयोग र सद्भावमा विश्वास गर्ने*

*ज) विज्ञानको विकृति मन नपराउने*

*झ) भौतिक उन्नतिको अभावमा हामीले विकासका सम्भावनाहरूबाट टाढिनु परेको*

माथिको उद्देश्य पुरा हुने खालका अभ्यासहरू पाठ्य पुस्तकमा समावेश भएका पाइन्छन् ।

८)  प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न : प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :*

*(पृ. ४७ शब्द भण्डार अभ्यासको क)*

*क)  जुन थालमा खानु त्यही थालमा चुठ्नु*

*ख)  घाँटी हेरी हाड निल्नु*

*ग)  रातभरि करायो दक्षिणा हरायो*

*घ)	नाच्न जान्दैन आँगन टेढो*

*ङ)	गर्ने भन्ने हनुमान् पगरी गुथ्ने ढेडु*

*च)	काम साँची आफूलाई खान साँची अरूलाई*

*छ)	आए आँप गए झटारो*

*ज)	अगुल्टाले होनेको कुकुर बिजुली चम्किँदा तर्सन्छ ।*

*झ)	दुबै हातमा लड्डु*

*ञ)	अचानाको पिर खुकुरीले जान्दैन*

*ट)	कालो अक्षर भैंसी बराबर*

*ठ)	हात्ती आयो, हात्ती आयो फुस्सा*

*ड)	अल्छी तिघ्रो, स्वादे जीब्रो*

*ढ)	बाँदरका हातमा नरिवल*

*ण)	पशुपतिको जात्रा सिद्राको व्यापार*

माथिको उद्देश्यलाई पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा अभ्यास समावेश भएको  पाइन्छ । यी अभ्यासहरू विद्धार्थीको स्तर अनुसार नै रहेको देखिन्छ ।

९)	लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न : लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न भन्ने उद्देश्य पुरा गर्नका लागि कक्षा नौको नेपाली पाठ्य पुस्तकमा यस प्रकारको अभ्यास राखिएको छ :

*तलका अनुच्छेदमा उपयुक्त चिन्हहरूको प्रयोग गर्नुहोस् : (पृ.११३, व्याकरण अभ्यासको ख)*

*प्रहरीले घरमा गएर भाइसँग भने भाइ तिमीले चोरी गऱ्यौ भन्ने उजुरी परेको छ, तिमीलाई चौकीमा ल्याउनू भन्ने आदेश भएको छ, लौ हिँड*

*प्रहरी दाइ तपाईं यो के कुरा गर्नु हुनछ मजस्ता सोझाले चोरूँला त मसँग प्रशस्त सम्पत्ति छँदै छ नि ।*

*पूर्ण विराम, अल्पविराम, प्रश्नसूचक, उद्धरण, विस्मयसूचक चिन्हहरूको प्रयोग गर्दै 'खोपको महत्त्व' बारे एउटा अनुच्छेद तयार पार्नुहोस् । (पृ.११३ व्याकरण अभ्यासको ग)*

लेखाइ सिपको अन्तिम उद्देश्य अनुसार पनि पाठ्य पुस्तकका अभ्यासमा समावेश भएको देखिन्छ । यी अभ्यासले विद्धार्थीको लेखाइ सिप विकासमा हुने कमि कमजोरी सच्चाइ अगाडि बढ्न सहयोग हुने देखिन्छ ।

**सारांश**

भाषा शिक्षणका प्रश्नहरूमा विषयगत र वस्तुगत हुन्छन् । विषयगत प्रश्न अन्तर्गत लामो उत्तर आउने वा निबन्धात्मक र छोटो उत्तर हुने वा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् । वस्तुगत प्रश्न अन्तर्गत बहु वैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने जस्ता प्रश्नहरू पर्दछन् ।

कक्षा नौको पाठक्रमका उद्देश्य पुरा गर्न पाठ्य पुस्तकमा रहेका अभ्यासहरूलाई तालिका संख्या ४.१ मा देखाइएको छ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा निबन्धात्मक प्रश्न, संक्षिप्त उत्तरात्मक प्रश्न, व्याकरण अभ्यास, वाक्यमा प्रयोग गर्ने, अर्थ भन्ने, शुद्दोच्चारण गर्ने, मौखिक उत्तर दिने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, सिर्जनात्मक अभ्यास, सस्वरवाचन गर्ने, सच्चाएर सार्ने, वहुवैकल्पिक प्रश्न, सङ्क्षेपीकरण गर्ने, बुँदा टिपोट प्रश्नहरू रहेको पाइनछ । यी मध्ये प्राय सबै नै नेपाली पाठ्य पुस्तकमा अभ्यास समावेश गरिएका छन् ।

पाठ्यक्रम अनुरुपताका आधारमा सुनाइ र बोलाइ, पढाइ, लेखाइ सिप अनुसार पाठ्य पुस्तकमा रहेका अभ्यासहरुको विश्लेषण गरिएको छ ।

# अध्याय : पाँच

# उपसंहार

## निष्कर्ष

यस अध्ययनको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) कक्षा नौको नेपाली पाठ्य पुस्तकमा वस्तुगत प्रश्न अन्तर्गत पर्ने बहु वैकल्पिक प्रश्न समावेश गरिएको छ । तल दिइएका मध्ये नमिल्नेमा रेजा (√) लगाउनुहोस् भनिएको छ तर प्रश्न निर्माण गर्ने आधारमा भने 'स्टेम मान्यता नकारात्मक हुनुहुन्न' भनिएको छ । यी प्रश्नहरू विद्धार्थीहरूको स्तरभन्दा अति नै सजिलो भएको पाइन्छ ।

ख) वस्तुगत प्रश्न अन्तर्गत पर्ने खाली ठाउँ भर्ने प्रश्नमा बीचमा नै खाली ठाउँ राखिएको छ र खाली ठाउँमा भर्ने ठीक उत्तर पछाडि कोष्ठकमा दिइएको छ । यसरी खाली ठाउँ भर्ने प्रश्न दुई तरिकाले राखिएको छ । प्रश्न निर्माण गर्ने आधारमा पछाडि कोष्ठकमा उत्तर दिनु पर्ने कुरा उल्लेख छैन तर पाठ्य पुस्तकमा भने विकल्प उत्तर पछाडि कोष्ठकमा दिएर विद्यार्थीहरूलाई सजिलो बनाइदिएको देखिन्छ ।

ग) ठिक बेठिक छुट्याउने आधारहरू धेरै उल्लेख गरिएको छ तर कक्षा नौको नेपाली पाठ्य पुस्तकमा ठिक बेठिक छुट्याउने प्रश्नहरू समावेश भएको पाइदैन । समानुपातिक रूपमा प्रश्नको वितरण गर्नका लागि ठिक बेठिक छुट्याउने प्रश्न पनि यस पाठ्य पुस्तकमा राखिनु पर्ने देखिन्छ ।

घ) जोडा मिलाउने प्रश्न निर्माणका आधारमा 'प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु पर्दछ' भनिएको छ तर कक्षा नौको नेपाली पाठ्य पुस्तकका अभ्यासमा उद्दीपक र प्रतिक्रिया स्तम्भमा बराबरी पदहरू राखिएको पाइन्छ । अन्य भने प्रश्न निर्माणका आधारमा नै भएको पाइन्छ ।

ङ) निबन्धात्मक प्रश्न निर्माण गर्ने आधार र स्वरूप अन्तर्गत वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने, स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने र वर्गीकरण गर्ने, सङ्क्षेपमा लेख्ने, दृष्टान्त दिने, पुष्टि गर्ने र मूल्याङ्कन गर्ने प्रश्न समावेश हुनुपर्ने कुरा उल्लेख गरिएको छ । कक्षा

नौको नेपाली पाठ्य पुस्तकमा वर्णन गर्ने, सारांश लेख्ने, तुलना गर्ने, स्वतन्त्र अभिव्यक्ति दिने, राय व्यक्त गर्ने, छलफल गर्ने, सङ्क्षेपमा लेख्ने र पुष्टि गर्ने खालका प्रश्नहरू समावेश गरिएका छन् भने वर्गीकरण गर्ने, दृष्टान्त दिने र मूल्याङ्कन गर्ने प्रश्न पाठ्य पुस्तकमा समावेश भएको देखिँदैन ।

च) सङ्क्षिप्त प्रश्न निर्माण गर्ने आधार र स्वरूप अन्तर्गत कारण दिने, परिभाषा दिने, उदाहरण दिने, फरक देखाउन, सामान्य स्मृति, टिप्पणी देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने, को, के, कसरी, कहिले, कहाँ आदिको उत्तर दिने प्रकृतिका प्रश्नहरू समावेश गर्नु पर्ने कुरा उल्लेख छ । कक्षा नौको नेपाली पाठ्य पुस्तकमा उदाहरण दिने, फरक देखाउने, सूची दिने, सङ्क्षेपीकरण गर्ने र को, के, कसरी, कहिले, कहाँ, आदिको उत्तर दिने खालका प्रश्नहरू समावेश छन् भने परिभाषा दिने, सामान्य स्मृति, टिप्पणी देखाउने खालका प्रश्नहरू समावेश गरिएको पाइँदैन ।

छ) पाठ्य पुस्तकमा रहेका अभ्यासको वर्गीकरणलाई हेर्दा जम्मा १०१२ ओटा प्रश्नहरू रहेको पाइन्छ । त्यसमध्ये सङ्क्षिप्त उत्तरात्मक प्रश्न १६१ (१५.९१%) ओटा, निबन्धात्मक प्रश्न ६६ (६.५२%) ओटा, व्याकरणात्मक अभ्यास २४६ (२४.३१%) ओटा, वाक्यमा प्रयोग गर्ने १३९ (१३.७४%) ओटा, शुद्ध उच्चारण गर्ने १३३ (१३.१४%) ओटा, अर्थ भन्ने प्रश्न १२२ (१२.०६%) ओटा, मौखिक रूपमा उत्तर दिने प्रश्न ४५
(४.४५%) ओटा, जोडा मिलाउने प्रश्न २६ (२.५७%) ओटा, खाली ठाउँ भर्ने प्रश्न ३० (२.९६%) ओटा, सिर्जनात्मक अभ्यासका लागि २१ (२.०८%) ओटा, सच्याएर सार्ने प्रश्न ८ (०.२०%) ओटा, सस्वर वाचन गर्ने प्रश्न ४ (०.४०%) ओटा, वाचन गर्ने प्रश्न ४ (०.४०%) ओटा, बहु वैकल्पिक प्रश्न ३ (०.३०%) ओटा, सङ्क्षेपीकरण गर्ने प्रश्न २ (०.२०%) ओटा, र बुँदा टिपोट गर्ने प्रश्न २ (०.२०%) ओटा रहेका छन् ।

ज) पाठ्यक्रमका विशिष्ट उद्देश्य अन्तर्गत सुनाइ र बोलाइ सिपमा सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न भनि उद्देश्य राखिएको छ तर यस उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा अभ्यासहरू दिइएको पाइँदैन ।

झ) मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहरू पढ्न भन्ने उद्देश्य पढाइ सिप अन्तर्गत राखिएको छ तर यस उद्देश्यलाई पुरा गर्नका लागि पाठ्य पुस्तकका कुनै पनि पाठमा अभ्यास दिइएको पाइँदैन ।

ञ) व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न, भनि लेखाइ सिप हन्तर्गत उद्देश्य राखिएको छ । कक्षा नौ को पाठ्य पुस्तकका अभ्यासमा निवेदन, चिठी, निमन्त्रणा लेख्ने जस्ता प्रश्नहरू समावेश गरिएका छन् तर शुभकामना लेखनका लागि कुनै पनि पाठमा प्रश्नहरू समावेश गरिएको पाइँदैन ।

## सुझावहरू

कुनै पनि पाठ्य पुस्तकको अध्ययन, विश्लेषण पश्चात् त्यसमा रहेका सबल पक्ष र दुर्बल पक्षहरू देखापर्दछन् । सबल पक्षहरू देखा पर्नु त राम्रो कुरा हो तर दुर्बल पक्षहरू पनि छन् भने तिनीहरूको सुधारका लागि सुझाव दिनु राम्रो मानिन्छ । यसरी दिइने सुझावले आगामी दिनमा पाठ्य पुस्तक निर्माता, अनुसन्धाता, पाठ्यक्रम निर्माता तथा सम्बद्ध सबै पक्षलाई केही मात्रामा सकारात्मक सहयोग पुऱ्याउने आशा गरिएको छ । यस अध्ययनबाट देखिएका कमीकमजोरी सुधारका लागि निम्न किसिमका सुझावहरू दिइएको छ :

क) वस्तुगत प्रश्न अन्तर्गत पर्ने बहुवैकल्पिक प्रश्नमा सकारात्मक मान्यता अनुसारको अभ्यास समावेश गर्नुपर्ने देखिन्छ ।

ख) वस्तुगत प्रश्न अन्तर्गत पर्ने ठिक बेठिक छुट्याउने प्रश्नलाई पनि अभ्यासमा समावेश गर्नुपर्ने देखिन्छ ।

ग) वस्तुगत प्रश्न अन्तर्गत पर्ने जोडा मिलाउने प्रश्नमा उद्दीपक स्तम्भमा भन्दा प्रतिक्रिया स्तम्भमा बढी पदहरू राखिनु उचित हुन्छ ।

घ) वस्तुगत प्रश्न अन्तर्गत पर्ने जोडा मिलाउने प्रश्नमा सही निर्देशन दिनु आवश्यक देखिन्छ ।

ङ) निबन्धात्मक प्रश्नका स्वरूप अन्तर्गत मुल्याङ्कन गर्ने, दृष्तान्त दिने, वर्गीकरण गर्ने जस्ता प्रश्नहरू राख्नु उपयुक्त देखिन्छ ।

च) संक्षिप्त प्रश्नका स्वरूप अन्तर्गत परिभाषा दिने, सामान्य स्मृति, टिप्पणी देखाउने जस्ता प्रश्नहरू समावेश गर्नु पर्ने देखिन्छ ।

छ) उखान टुक्काको प्रयोग गरी बोल्न भनि उद्देश्य राखिएको छ तर यस उद्देश्य पुरा गर्नका लागि पाठ्य पुस्तकमा अभ्यासहरू दिइएको छैन । विद्धार्थीहरूमा उखान टुक्काको प्रयोग गरी बोल्न बानी गराउन पर्नेमा जोड दिनुपर्ने देखिन्छ ।

ज) कुराकानी र संवाद गर्नका लागि अभ्यासमा प्रश्नहरू समावेश गर्नु पर्ने देखिन्छ ।

झ)	मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहरू पढ्नका लागि अभ्यासहरू राख्नु पर्ने देखिन्छ ।

ञ)	कक्षा नौको नेपाली पाठ्य पुस्तकमा शुभकामना लेख्न सिकाउने प्रश्नहरू समावेश गर्नु पर्ने देखिन्छ ।

## भावी अनुसन्धान

क) कक्षा नौको नेपाली पाठ्य पुस्तकमा समावेश भएका व्याकरण सम्बन्धी अभ्यासको अध्ययन ।

ख) कक्षा नौ र दशको नेपाली पाठ्य पुस्तकका अभ्यासमा समावेश व्याकरणको तुलनात्मक अध्ययन ।

ग) छनोट र स्तरण अनुरूपताका दृष्टिले कक्षा नौको नेपाली किताबमा समावेश अभ्यासको अध्ययन ।

## सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमाङ्ग राज (२०६१), *नेपाली भाषा शिक्षण* (आठौं संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, प्रमोद (२०६७), *कक्षा दशको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

अर्याल, पार्वती (२०५९), *कक्षा नौको नेपाली भाषाको पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

आचार्य, माधव प्रसाद र गौतम राम प्रसाद (२०६५), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : दीक्षान्त प्रकाशन ।

आचार्य, मन्जु (२०६६), *कक्षा १ को मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, (२०६५), *माध्यमिक शिक्षा पाठ्यक्रम भाग-१,* (पुनमुद्रण), काठमाडौं : मनकामना प्रकाशन गृह ।

पराजुली, तीर्थराज(२०६५), *पाठ्यक्रम र मूल्याङ्कन (दोस्रो संस्करण),* काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *नेपाली, कक्षा ९,* सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षक निर्देशिका, कक्षा ९,* सानो ठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाण्डे, गोमा (२०६०), *कक्षा सात को नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

पौडेल, उपेन्द्र प्रसाद (२०६२), *कक्षा ४ को नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दो. संस्करण), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बस्नेत, भरत कुमार (२०६०), *कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

भटराई, राम प्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भटराई, होमनाथ र धामी केशवसिंह (२०६२), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

राउत, खड्ग बहादुर (२०६७), *कक्षा नौको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण* ,
(अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

रूवाली, कृष्ण प्रसाद (२०५५-५७), *कक्षा सात को हाम्रो नेपाली किताबमा समावेश गरिएको अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०५८), *सामान्य र प्रायोगिक भाषाविज्ञान तथा नेपाली भाषा,* (तृतीय संस्करण) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मन प्रसाद र पौडेल, लेखनाथ (२०६३), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण* ,काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा नेपाल, वसन्त कुमार (२०६३), *नेपाली शब्दसागर,* (पाँचौं संस्करण), काठमाडौँ : भाभा पुस्तक
भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, इन्दिरा (२०५९), *कक्षा पाँचको मेरो नेपाली पाठ्य पुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

निउरे, धुव्र प्रसाद र घिमिरे, दिनेश (२०७०), भाषिक अनुसन्धान विधि, कीर्तिपुरः सनराइज पब्लिकेसन ।

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | पवित्रा कुमारी पोखरेल |
| जम्ममिति | : | २०३७/०४/३० |
| जन्मस्थान | : | सोराभाग-६, मोरङ |
| हालको ठेगाना | : | पथरी-८, मोरङ |
| आमाको नाम | : | हरिमाया पोखरेल |
| बाबुको नाम | : | टंकनाथ पोखरेल |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| लिङ्ग | : | महिला |
| इमेल | : | pokharel.pabitra@yahoo.com |

| क.स. | तह | विद्यालय/ क्याम्पस | मुख्य विषय | वर्ष | श्रेणी |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी. | श्री शिवशक्ति उ.मा.वि., सोराभाग, मोरङ | अङ्गेजी, नेपाली, विज्ञान, गणित, शिक्षा | २०५४ | दोश्रो |
| २. | आइ.ए. | जनता क्याम्पस, रंगेली, मोरङ | नेपाली, अर्थशास्त्र, राजनीतिशास्त्र | २०५९ | दोश्रो |
| ३. | बि.एड. | जनज्योति ब. क्याम्पस, लालबन्दी, सर्लाही | नेपाली | २०६५ | ” |
| ४. | एम.एड. | जनज्योति ब. क्याम्स, लालबन्दी, सर्लाही | नेपाली | २०६८ | ” |